जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक १०६ • २०८२ साल भाद्र १८ गते बुधबार (3 September, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## उपनिर्वाचनपछि मधेशको परिस्थितिमा परिवर्तन आउन सक्ने संकेत

# प्रदेश सरकारको नेतृत्वमा ठाकुरको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार नेतृत्वको लागि केही समयदेखि बाह्य साम्य देखिए पनि आन्तरिक रुपमा मधेश केन्द्रित दलबीच मुख्यमन्त्री पदका लागि लविंग गर्ने क्रम भने रोकिएको छैन ।

सत्तारुढ गठबन्धन नेपाली कांग्रेस- नेकपा एमालेले सात वटै प्रदेशमध्ये छ वटा प्रदेश सरकार गठन गरेको छ भने मधेश प्रदेशमा मधेश केन्द्रित दलमध्ये जनमत पार्टीले सहमति अनुसार सरकारको नेतृत्व गरिरहेको छ । जनमतले एक वर्षभन्दा बढी समयदेखि नै मधेश प्रदेश सरकारको नेतृत्व गरिरहे पनि यता केही महिनादेखि मधेश प्रदेश सरकार परिवर्तनबारे चर्किएको विवाद साम्य देखिएको थियो ।

प्रदेश सरकारको अगुवाइका लागि कांग्रेस र एमालेभित्र पनि तीव्र गुटबन्दी भइरहेपछि एकाएक सतीशकुमार सिंह नेतृत्वको सरकार परिवर्तनबारे पहल नै ओझेलमा परेको थियो । तर लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले ओझेलमा परेको सत्ता परिवर्तनका सन्दर्भलाई कोट्याएका छन् ।

लोसपा नेपलका अध्यक्ष ठाकुरले मधेश प्रदेश सरकारको नेतृत्व गर्ने पालो अब आफ्नो पार्टीको रहेको दाबी गरेपछि मधेश तरंगित बनेको छ ।

राजविराजमा पुगेर अध्यक्ष ठाकुरले मधेशी दलहरूले साढे सात वर्षदेखि मधेशको नेतृत्व गरिसकेको स्मरण गराउँदै अबको नेतृत्व गर्ने जिम्मेवारी लोसपाको भएको अभिव्यक्ति दिइ पुनः सरकारको नेतृत्वमा दाबी गरेका छन् ।

उनले केन्द्रमा सत्तारूढ गठबन्धनभित्र सात प्रदेशको नेतृत्व बाँडफाँटको सहमति अनुसार तीन-तीन प्रदेश कांग्रेस र एमालेले नेतृत्व गर्ने र मधेश प्रदेश मधेशी दललाई दिने सहमति भएको स्मरण गरे । सोही अनुसार अब मधेशी दलभित्र पनि नेतृत्वको पालो लोसपाको भएको उनको भनाइ छ ।

अध्यक्ष ठाकुरले भने, "मधेश प्रदेशमा कांग्रेस-एमाले मिलेर मात्रै सरकार बनाउन सक्ने स्थिति छैन।मधेशीदलहरूको साथ आवश्यक पर्छ। मधेशी दलहरूले पहिल्यै नेतृत्व गरिसकेकाले अबको पालो हाम्रो हो।" हालै सरकार परिवर्तनको तत्काल सम्भावना नभएको उल्लेख गर्दै उनले रुपन्देही उपनिर्वाचनपछि परिस्थितिमा परिवर्तन आउन सक्ने संकेत गरे ।



उनले केन्द्रमा गठबन्धनको बहुमत रहेको सरकार २०८४ सम्म टिक्ने दाबी गर्दै लोसपा सरकारमा रहेरै जनताको पक्षमा काम गर्ने र शान्तिपूर्ण आन्दोलन समेत जारी राख्ने बताए । मधेशमा फैलिएको खडेरी र खानेपानीको समस्याबारे सरकारले चासो नदिएकोप्रति असन्तुष्टि जनाउँदै उनले आफूले संसद् र सरकार दुबैमा आवाज उठाइरहेको बताए ।

प्रधानमन्त्रीसँगै सुख्खाग्रस्त क्षेत्रको अवलोकन गरिसकेको उल्लेख गर्दै अध्यक्ष ठाकुरले प्रधानमन्त्रीले घोषणा गरेको ५०० डिप बोरिङ अझै नपुगेको प्रति असन्तोष व्यक्त गरे ।

उनले विगतको आन्दोलनबाट मधेशले पहिचान पाएको भए पनि अधिकार अझै नपाएको भन्दै मोर्चा बनाएर पुनः जनतामाझ जाने अभियान सुरु गरिएको बताए। जनसंख्याका आधारमा बजेट वितरण हुनुपर्नेमा जोड दिए । उनले मधेशबाट केन्द्रमा जाने राजस्वको कम्तीमा ३५ प्रतिशत मधेशमै आउनुपर्ने माग राखे । उनले भने, "तर हालसम्म २० प्रतिशत पनि आएको छैन ।"

अध्यक्ष ठाकुरले जनसंख्याको आधारमा मधेश प्रदेशलाई बजेट दिनुपर्ने आवश्यक रहे पनि सबैभन्दा बढी जनसंख्या रहेको मधेश प्रदेशलाई नै कम बजेट दिएर उपेक्षा गरिएको आरोप लगाएर असन्तुष्टि व्यक्त गरे ।

संघीय लोकतान्त्रिक मोर्चाको बुधबार राजविराजमा हुने जनजागरण अभियानलाई सम्बोधन गर्न मंगलबार राजविराज आइपुगेका लोसपा अध्यक्ष ठाकुरले मधेश प्रदेश अझै पछाडि पर्ने निश्चित रहेको बताए ।

काठमाडु बसेर मधेशलाई अन्नको भण्डार भन्ने गरिए पनि सबैभन्दा बढी कृषि क्षेत्र समेत रहेको मधेश प्रदेशलाई उपेक्षित गर्दा निकट भविष्यमा खाद्यान्न संकट आउन सक्ने भन्दै उनले चिन्ता समेत व्यक्त गरे । मधेशका जनताले पिउने पानी समेत नपाइरहेको अवस्थामा खेतीपातीको काम कसरी सम्भव भए होला भन्ने कुराको सहजै अनुमान गर्न सकिने उनको भनाइ छ ।

संयुक्त लोकतान्त्रिक मोर्चाले पहिलो चरणमा देशको आठ ठाउँमा जनजागरण अभियान सञ्चालन गर्ने तय गरे अनुसार बुधबार राजविराजमा र यही भदौं २० गते जनकपुरधाममा जनजागरण कार्यक्रम हुने जनाइएको छ ।


## विद्यार्थी भर्ना सम्बन्धी सूचना




CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा Lab Technology (CMLT), Radiography र Opthalmic Science (आँखा) कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२ को लागि केही सिट खाली रहेकोले देशै भरीबाट CTEVT Result को Pass List / Cut Off List मा रहेको विद्यार्थीहरूले अध्ययन गर्नको लागि सम्पर्क गर्न हुन जानकारी गराउँदछौं ।

नोट :- H.A. D.Pharmacy, MLT, Radiography र Opthamic Science (आँखा) पढन इच्छुक तर NG लागेको र फाराम भर्न छुटेका विद्यार्थीहरुले पनि सम्पर्क गर्नुहोला ।

विस्तृत जानकारीको लागि सम्पर्क :
वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डे. टेक्नोलोजी
महेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साईन्सेज
बाह्र बिगहा र थापा चौकको बिचमा, जनकपुरधाम-८
फोन नं. ९८५४०२५५०७, ९८०७६९२४६०, ०४१-५२१३६६, ९७०५४२१३६६

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी, जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

## बालबालिकामा हैजा
(अभिभावकहरुलाई जानकारी)

संक्रमणका स्रोत
- पिउने प्रदुषित पानी ।
- असुरक्षित वा राम्ररी नपाकेको खाना ।
- हात नधोई खाना पकाउनु/खानु ।
- खुला ठाउँमा दिसा गर्नु ।
- संक्रमित व्यक्तिको दिसा वा बान्ताबाट दूषित भएको पानी/वस्तु प्रयोग गर्नु ।



लक्षणहरू
- चौलानी पानी जस्तो पातलो पखाला (बारम्बार) हुनु ।
- बान्ता हुनु, पेट दुख्नु ।
- छिटो निर्जलीकरणः तिर्खा लाग्नु, मुख सुख्खा हुनु, आँखा गाडिनु, पिसाब कम हुनु ।
- सुस्त/असहज हुनु, कमजोरी हुनु ।
- तिघ्रा/पाखुरा बाउँडिनु ।



रोकथामका उपाय
- उमालेको पानी पिउनु ।
- खाना राम्ररी पकाएर ढाकेर राख्नु ।
- खानु अघि, शौचालयपछि र बच्चाको दिसा सफा गरेपछि साबुनपानीले मिचीमिची हात धुनु ।
- सुरक्षित शौचालय प्रयोग र फोहरको सही व्यवस्थापन गर्नु ।
- गम्भीर लक्षण वा अत्यधिक पखाला भए तुरून्त नजिकको स्वास्थ्य संस्थामा जानु ।
- निर्जलिकरण हुन नदिन पुनर्जलीय झोल खुवाउनु र शिशुमा स्तनपान जारी राख्नु ।



हैजासम्बन्धी कुनै लक्षणहरु देखापरेमा बच्चालाई नजिकैको अस्पताल वा स्वास्थ्य चौकीमा उपचारको लागि लानुहुन अनुरोध गर्दछौं ।

सन्देशः बालबालिकामा हैजाले छिट्टै निर्जलीकरण गराउँछ - उपचारमा ढिलाइ नगर्नुहोस् ।

स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, मधेश प्रदेश

# बागमती प्रदेशसभा बैठकः
# लिपुलेकको सम्बन्धमा कूटनीतिक प्रयास जारी राख्न सुझाव




मकवानपुर । बागमती प्रदेशसभाको बैठकको शून्य समयमा प्रदेशसभाका १० सदस्यले मुलुकको सार्वभौमिकता र राष्ट्रियताप्रति छिमेकी राष्ट्रले व्यापारीक मार्ग खुलाउन गरेको लिपुलेक सम्झौता खारेज गर्न प्रदेश सरकारले सङ्घीय सरकारसँग सहकार्य गरेर कूटनीतिक प्रयास जारी राख्न सुझाव दिएका छन् ।

बैठकमा सत्तापक्ष र प्रतिपक्षका सदस्यहरूले नेपालको भूभाग लिपुलेक, कालापानी, गुन्जीलगायतका क्षेत्रमा भारतीय पक्षबाट भएको हस्तक्षेपले सार्वभौमिकतामाथि सङ्कट पुर्याउने भएकाले प्रदेश सरकारले भारत र चीनबीच भएको सम्झौता खारेज गराउन सङ्घीय सरकारलाई सहयोग पुर्याउन प्रदेशसभामा सङ्कल्प प्रस्ताव पारित गरी सङ्घीय सरकारलाई जानकारी उपलब्ध गराउन माग गरेका हुन् ।

त्यसैगरी, बैठकमा हेटौँडा-काठमाडौँ जोड्ने त्रिभुवन राजपथअन्तर्गतको हेटौँडा-भैँसे सडकको बाघझोरामा वर्षात्का समयमा बाढीपहिराले घण्टौँ यात्रीहरूले पर्खिनुपर्ने कारणबाट गर्भवती र अन्य बिरामीलाई तत्काल अस्पताल पुर्याउन निकै कठिनाइ भोग्नुपर्ने बाध्यता आएकाले प्रदेश सरकारले अब सो स्थानमा दीर्घकालीन रूपमा यातायात सञ्चालनका लागि पक्की पुल निर्माण गर्न आग्रह गर्नुभयो ।

उहाँहरूले अहिले कृषि उत्पादनका लागि मलखाद अतिआवश्यक भएकाले प्रदेशका १३ जिल्लाका किसानलाई धानखेतीका लागि आवश्यक मल उपलब्ध गराउने क्रममा प्रदेश सरकारले सङ्घीय सरकारसँग समन्वय गरेर हेटौँडामा मलको मौज्दात राख्न सल्लाह दिनुभयो ।

सोही बैठकमा काठमाडौँ उपत्यलगायत अन्य जिल्लामा स्वस्थ पिउने पानीको अभाव हुँदा प्रदेश सरकारले प्रभावित क्षेत्रमा अनुगमन टोली पठाई त्यहाँको वस्तुस्थिति जानकारी लिएपछि योजना र बजेट बाँडफाँट गरी सर्वसाधारणलाई पिउनेपानी उपलब्ध गराउने र जिल्लाका सबै अस्पताललाई दक्ष चिकित्सक र स्वास्थ्यकर्मी उपलब्ध गराउन माग गर्नुभयो ।

सो बैठकमा सबै नेपालीलाई सवारीसाधन सञ्चालनका क्रममा सङ्घीय सरकारले चालक अनुमतिपत्र वितरण गर्न नसकेको अवस्थामा उक्त सवारीसाधनलाई अहिले इम्बोस्ड नम्बर प्लेट अनिवार्य गराउँदा आपत्तिजनक रहेको र अब देवनागरी लिपिमा उक्त प्लेट सञ्चालनमा ल्याउन माग गर्नुभयो ।

सोही बैठकमा सभामुख भुवनकुमार पाठकले कार्यव्यवस्था परामर्श समिति र विषयगत समितिमा सदस्य मनोनयन तथा हेरफेरको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।प्रदेश मामिला समितिमा बहादुरसिंह लामा तामाङ, सुरजचन्द्र लामिछाने, कुञ्जनराज काफ्ले र मदुकुमार श्रेष्ठ सदस्यमा मनोनित हुनुभएको छ । सार्वजनिक लेखा समितिमा मीनकृष्ण महर्जन र श्यामबहादुर खड्कालाई सदस्यमा मनोनित गरिएको छ ।

त्यसैगरी, शिक्षा स्वास्थ्य समितिमा हरिप्रभा खड्गी श्रेष्ठ, उद्योग, पर्यटन तथा वातावरण समितिमा विमल ठकुरीलाई सदस्यमा मनोनित हुनुभयो । प्रदेशसभाको बैठकले उक्त समिति सदस्यहरूको नामलाई स्वीकृत प्रदान गरिएको छ । प्रदेशसभाका सभामुख पाठकले प्रदेशसभाको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गर्नुभएको छ ।रासस

# अर्थमन्त्री पौडेल र विश्व बैंक क्षेत्रीय उपाध्यक्ष जुटबीच शिष्टाचार भेट

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र विश्व बैंकका दक्षिण एसिया क्षेत्र हेर्ने उपाध्यक्ष जोहानेस जुटबीच शिष्टाचार भेटघाट भएको छ ।

अर्थ मन्त्रालयमा मंगलबार भएको उक्त भेटमा उहाँहरुबीच समग्र अर्थतन्त्र, सहरी तथा भौतिक पूर्वाधार, लगानी, पर्यटन, वातावरणलगायत विषयमा छलफल भएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ । भेटका क्रममा अर्थमन्त्री पौडेलले गत वर्षको तुलनामा अर्थतन्त्रका सूचकमा उल्लेखनीय सुधार आएको उल्लेख गर्दै नेपालले नीतिगत, संरचनागत र कार्यान्वयन प्रक्रियामा सुधार गरेको बताउनुभयो । उहाँले विश्व बैंकले आगामी छ वर्षका लागि तयार पारेको 'कन्ट्री पार्टनरसीप फ्रेमवर्क' नेपालमा विकासको आवश्यकता र सरकारको प्राथमिकतासँग तादम्य रहेको उल्लेख गर्दै फ्रेमवर्कअनुसारका आयोजना तथा कार्यक्रम तर्जुमा गर्न सरकार विश्व बैंकसँग मिलेर काम गर्न चाहेको बताउनुभयो ।



अर्थमन्त्री पौडेलले वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा छलफलमा रहेको जानकारी गराउँदै विधेयक पारित भएसँगै निजी क्षेत्रसँग मिलेर प्रतिफल दिने आयोजनाहरूमा लगानी गर्ने बताउनुभयो । उहाँले विधेयकको लक्ष्यअनुसार अघि बढ्न विश्व बैंकबाट सहयोगको अपेक्षा गर्नुभयो ।

विश्व बैंक दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष जुटले नेपालमा उच्च आर्थिक वृद्धिदर हुनेगरी विश्व बैंकले सहयोग गर्ने बताउनुभयो । उहाँले विश्व बैंकले लुम्बिनी, काठमाडौँ उपत्यकाको सहरी पूर्वधार, वातावरणीय प्रदूषण न्यूनीकरण र आर्थिक वृद्धिका लागि सहयोग गर्ने भन्दै निजी क्षेत्रलाई पनि साथमा लिएर अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उपाध्यक्ष जुटले नेपालको अर्थतन्त्रका परिसूचकहरू सुधार हुनु सकारात्मक भएको उल्लेख गर्दै नेपालका लागि लगानी अझ बढाउन जरुरी भएको बताउनुभयो । उहाँले वैकल्पिक विकास वित्त परिचाननसम्बन्धी कानुन बनेसँगै पूर्वाधार क्षेत्रमा लगानीका लागि थप नयाँ क्षेत्र पहिचान हुनसक्ने विश्वास व्यक्त गर्दै निजी क्षेत्रको लगानी आकर्षित गर्न र आर्थिक वृद्धिका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग पुर्याउने बताउनुभयो । उपाध्यक्ष जुटले लगानी र उत्पादकत्व वृद्धिमा केन्द्रित हुन पनि सुझाव दिनुभयो ।रासस

# नेपालसँग श्रम सम्झौता भएका देशहरूमा हुलाक सेवा सम्झौता गर्नुपर्छ : सञ्चारमन्त्री



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपालसँग श्रम सम्झौता भएका देशहरूमा अनिवार्य रूपमा हुलाक सेवा सम्झौता गर्नुपर्ने बताउनुभएको छ ।

हुलाक सेवा विभागले मंगलबार यहाँ आयोजना गरेको वार्षिक प्रगति समीक्षामा उहाँले हुलाकको व्यावसायिक सम्भावना 'पार्सल डेलिभरी' भएको बताउँदै विदेशमा रहेका नेपालीसम्म यो सेवा विस्तार गर्न श्रम सम्झौता भएका देशमा हुलाक पुग्नुपर्नेमा जोड दिनुभयो । पार्सल सेवालाई भरपर्दो बनाउन जरुरी भएको उहाँले बताउनुभयो । मन्त्री गुरुङले सबै पालिकालाई ' डिजिटलाइजेसन' गर्न र 'स्मार्ट' हुलाक कार्यालय सञ्चालन गर्न निर्देशन दिँदै उहाँले भन्नुभयो, "अब हुलाक स्मार्ट हुनुपर्छ, सूचना प्रविधिको अधिकतम उपयोग गरी समयअनुसार रुपान्तरण हुनुपर्छ ।"

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले हुलाक सेवालाई प्रभावकारी बनाउन विभागलाई आवश्यक पर्ने पूर्वाधार निर्माण एवं आवश्यकता अनुसार अन्य सहयोग गर्न आफू सधैँ सकारात्मक रहेको बताउनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले हुलाकको विगतको गौरवपूर्ण गाथालाई आत्मसात् गर्दै हुलाकलाई युगानुकूल बनाउन ऐन, कानुन परिमार्जन थालिएको बताउनुभयो ।

हुलाकका प्रशासनिक एवं व्यवस्थापकीय व्यवधान हटाउन आफू सदैव तत्पर रहेको उहाँले बताउनुभयो ।

विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीले हुलाक सेवालाई स्मार्ट बनाउन आफू लागिपरेको बताउनुभयो । त्यस अवसरमा विभागका निर्देशक धव्रराज आचार्यले विभागको गतिविधिबारे जानकारी दिनुभएको थियो ।रासस

# मेरो प्रस्ताव कसैको व्यक्तिगत स्वार्थमा थिएनः मन्त्री न्यौपाने

काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले निजामती कर्मचारीको उमेरहदसम्बन्धी आफूले यसअघि राखेको प्रस्ताव कसैको व्यक्तिगत स्वार्थमा नभएको प्रष्ट पार्नुभएको छ । राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा उहाँले छलफलकै क्रममा आफूले राखेको प्रस्ताव कुनै एक कर्मचारीको स्वार्थमा केन्द्रित नभएको प्रष्ट पार्नुभएको हो ।



"अवकाशको उमेरहदका विषयमा धेरै छलफल भयो, सबैले आफ्नो तर्क राख्नुभयो । मैले पनि सरकारको तर्फबाट आफ्नो धारणा र प्रस्ताव राखेँ, अनुरोध गरेँ । तर मेरो आफ्नो व्यक्तिगत स्वार्थ थिएन", मन्त्री न्यौपानेले भन्नुभयो, "कसैको स्वार्थ पूरा गर्ने नाममा अनुचित काम गर्दिनँ भन्ने मेरो अठोट छ ।"

सरकार र कर्मचारीको बीचमा सुमधुर सम्बन्ध हुनुपर्छ भन्ने मान्यतामा आफू रहेको उल्लेख गर्दै मन्त्री न्यौपानेले कर्मचारीको मनोबल कसरी उठाउन सकिन्छ भन्ने मनसायले अवकाशको उमेरहदसम्बन्धी प्रस्ताव राखेको र कसैको व्यक्तिगत स्वार्थले काम नगरेको प्रष्ट पार्नुभयो ।

"धेरै छलफल र तर्क गर्यौँ, सबै माननीयले आफूलाई लागेका कुरा छलफलका क्रममा राख्नुभयो। कतिपय कुरा समझदारी गरेर सरकारलाई लागेका कुरा पनि माननीयको भावनालाई बुझेर सरकारको तर्फबाट लचिलो बन्यौँ", मन्त्री न्यौपानेले भन्नुभयो, "आमचासोका रूपमा रहेको कुलिङ अफ पिरियडलाई राष्ट्रियसभाले कसरी टुङ्ग्याउँछ भन्ने चासो थियो, राष्ट्रियसभाले के गर्छ भन्ने चासो थियो, त्यसलाई पनि हामीले सर्वसम्मतका साथ टुङ्ग्यायौँ ।"

सङ्घीय निजामती विधेयक यही अधिवेशनमा जारी हुन्छ भन्ने आफूले पहिलेदेखि नै प्रतिबद्धता राखेको जिकिर गर्दै मन्त्री न्यौपानेले विधेयक जारी भएपछि प्रशासनिक सङ्घीयता कार्यान्वयन गर्न सहज हुने बताउनुभयो । हरेक प्रस्तावलाई सर्वसम्मत गर्ने समितिको विगतदेखिकै परम्परा रहेको र यसपटक पनि हरेक प्रस्तावलाई सर्वसम्मतिमै टुङ्ग्याउने पहल भएको भन्दै उहाँले प्रस्तावमा बहुमत तथा अल्पमत गरेर टुङ्ग्याउनुपर्ने पक्षमा आफू नभएको बताउनुभयो । "मत विभाजन गर्ने पक्षमा म छैन । प्रतिनिधिसभाले जसरी पास गरेर पठाएको छ, त्यसरी नै जाउँ", मन्त्री न्यौपानेले भन्नुभयो, "अवकाशको उमेर प्रतिनिधिसभाले पठाएअनुसार नै आत्मसात् गरेर जाऊँ । यो विधेयकलाई आज पारित गरेर जाऊँ ।"

मन्त्री न्यौपानेले सरकारको धारणा राखेपछि राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले कर्मचारीको उमेरहदसम्बन्धी प्रस्ताव सर्वसम्मत रूपमा टुङ्ग्याएको छ। नयाँ व्यवस्थाअनुसार ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष पूरा गर्ने कर्मचारीले ५८ वर्षमै अवकाश पाउनेछन् । तर दोस्रो आर्थिक वर्षमा ५८ वर्ष पूरा गर्नेहरूले ५९ वर्षमा अवकाश पाउनेछन् भने तेस्रो आर्थिक वर्षदेखि ६० वर्षको अवकाश उमेर लागू हुनेछ।

'सङ्घीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन' मंगलबारको बैठकमा पेस गर्ने तयारी छ । समितिको बैठकबाट प्रतिवेदन पारित गरी समितिकी सभापति तुलसाकुमारी दाहालले राष्ट्रियसभामा पेस गर्ने कार्यसूची राखिएको छ ।रासस

# चाडबाड लक्षित सहुलियत पसल भदौ ३० गतेदेखि

काठमाण्डु । आसन्न चाडपर्व लक्षित गरी भदौ ३० गतेदेखि सहुलियत मूल्य पसल सञ्चालन गरिने भएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको भदौ ८ गतेको निर्णयानुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत सुपथ मूल्य पसल सञ्चालन गरिने भएका हुन् ।

आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सहुलियत मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर यस्ता पसल सञ्चालनमा ल्याउन लागिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा प्रमुख शिवराम पोखरेलका अनुसार सहुलियत मूल्य पसल सञ्चालनका लागि खाद्य व्यवस्था कम्पनी र साल्ट ट्रेडिङलाई परिपत्र भइसकेको छ ।

खाद्य व्यवस्था कम्पनीले सञ्चालन गर्ने सहुलियत मूल्य पसलमा सबै किसिमको चामल तथा दाल, गहुँ, चिनी र गेडागुडीमा प्रतिकिलो रु पाँच छुट हुनेछ । त्यसैगरी चिउरा, आटा, पिठो, मैदामा प्रतिकिलो रु सात छुट पाइनेछ । खानेतेलमा पनि प्रतिलिटर रु सात छुट दिइने जनाइएको छ । कर्णालीका रैथाने उत्पादनहरू जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापरमा प्रतिकिलो रु १० छुट हुनेछ । जिरा, धनिया, चियापत्ती र जिउँदो खसी बोका तथा च्याङ्ग्राको मूल्यमा प्रतिकिलो रु १० छुट पाइनेछ । खाद्य व्यवस्था कम्पनीले विभिन्न ४६ वटा जिल्लामा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ ।

साल्ट ट्रेडिङ कर्पोरेसनले काठमाडौँ उपत्यकामा तीनवटा घुम्ती पसलसहित १५ स्थानमा सहुलियत मूल्य पसल सञ्चालन गर्नेछ । उपत्यकाबाहेक विभिन्न जिल्लामा साल्ट ट्रेडिङले सहुलियत सुविधा उपलब्ध गराउनेछ । साल्ट ट्रेडिङले नुनमा प्रतिकिलो रु दुई, चिनीमा प्रतिकिलो रु पाँच, तेलमा प्रतिलिटर रु सात र चिउरा, दाल, पिठो तथा मैदामा प्रतिकिलो समान रु सात छुट दिनेछ ।

यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रूपमा उपलब्ध गराउने उद्देश्य सरकारले राखेको छ ।रासस

# होटल व्यवसायलाई उत्पादनमूलक उद्योग सरह सुविधा दिइनेछ : ऊर्जामन्त्री खड्का



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले होटल व्यवसायलाई उत्पादनमूलक उद्योग सरह सुविधा दिइने बताउनुभएको छ ।

जिल्ला होटल व्यवसायी सङ्घले मंगलबार मन्त्रालयमा बुझाएको ज्ञापनपत्र बुझ्दै उहाँले पर्यटनसँग प्रत्यक्ष रूपमा जोडिएको संवेदनशील क्षेत्र भएकाले यसलाई उत्पादनमुखी उद्योगको श्रेणीमा राखेर सुविधा दिने विषयमा सरकार लागेको बताउनुभयो ।मन्त्री खड्काले पर्यटन र होटल व्यवसाय देशको अर्थतन्त्रलाई टेवा दिने क्षेत्र भएकाले यसको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादनमूलक उद्योगसरह आवश्यक सहुलियत दिनेबारे सरकार सकारात्मक रहेको उल्लेख गर्नुभयो । सङ्घले होटल व्यवसाय निरन्तर घाटामा गइरहेको र सञ्चालन खर्च धान्न कठिन भइरहेको भन्दै विद्युत् महसुल उत्पादनमुखी उद्योगसरह छुटको व्यवस्था गर्न मन्त्रीसमक्ष आग्रह गरेको थियो ।सङ्घका अध्यक्ष सुरेश बरालले पर्यटन क्षेत्रलाई राजस्व आर्जन गर्ने मात्र नभई विदेशी मुद्रा भित्र्याउने, रोजगारी सिर्जना गर्ने र नेपाल चिनाउने माध्यमका रूपमा योगदान पुर्याएको भन्दै होटललाई विशेष सुविधा दिनुपर्ने माग गर्नुभयो ।

सरकारले चालू आवको बजेटमा होटल र रेस्टुराँलाई उत्पादनमुखी उद्योग सरह मान्यता दिँदै विद्युत् महसुलमा छुटको व्यवस्था गर्ने घोषणा गरे पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको रहेको छ । रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | शिक्षाको क्षेत्रमा गरेको श्रम लगानीबाट धेरै राम्रो हुने योग रहेको छ । |
| वृष : | बोल्दा ख्याल गर्नुहोला, आफ्नै बोलीले समस्यामा पर्ने योग रहेको छ । |
| मिथुन : | मित्रबाट घात हुने सम्भावना छ । |
| कर्कट : | आर्थिक, सामाजिक, धार्मिक क्षेत्रमा उत्तारचढाव आउँनेछ । |
| सिंह : | मानसिक रुपमा उमङ्ग रहने योग छ । परिवारबाट सहयोग मिल्नेछ । |
| कन्या : | सम्पत्ति आर्जन हुने दिन छ । स्वास्थ्य, शिक्षा, रोजगारमा आफु अनुकुल छ । |
| तुला : | आर्थिक कठिनाइ भएपनि शिक्षाको क्षेत्रमा सहयोग मिल्नेछ । |
| वृश्चिक : | बोलीका कारण शत्रु बढ्नेछ । शान्त रहेर बस्नु फाइदाजनक छ । |
| धनु : | अरु क्षेत्रमा यथावत रहेपनि शिक्षाको क्षेत्रमा दायरा फाराकिलो हुनेछ । |
| मकर : | दीर्घकालीन योजना नबनाएको राम्रो । आज ठुलो नाफा गर्न सकिँदैन । |
| कुम्भ: | तपाईले गरेको श्रम लगानीबाट फाइदा हुने सम्भावना छ । |
| मीन : | आफन्तबाट सहयोग मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अन्नपूर्ण प्रथम हिमालको आधार शिविर जाने पदमार्गमा ढकमक्क फुलेका '**फुच्चे गुरास**' । यस पदमार्गमा समुद्री सतहदेखि २ हजार ८८३ मिटर उचाइमा रहेको हुमखोलादेखि ३ हजार ५ सय मिटर उचाइसम्मको क्षेत्रमा रोडोडेन्ड्रन कोवानियनम र रोडोडेन्ड्रन लोन्डेसी प्रजातिका फुच्चे गुराँसको फूल फुल्ने गरेको छ। *तस्बिर : रासस*

# कार्यवाहक प्रधानमन्त्री सिंह र विश्व बैंकका क्षेत्रीय उपाध्यक्ष जुटबीच भेटवार्ता

काठमाण्डु । कार्यवाहक प्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह र विश्वबैंकका दक्षिण एसिया क्षेत्र हेर्ने उपाध्यक्ष जोहानेस जुटबीच भेटवार्ता भएको छ । सहरी विकास मन्त्रालयमा मंगलबार भएको उक्त भेटमा विश्व बैंक र मन्त्रालयबीच नयाँ परियोजनामा सहकार्यका बारेमा छलफल भएको छ।

बृहत्तर लुम्बिनी क्षेत्र विकास आयोजना र काठमाडौँमा सहरी भौतिक पूर्वाधार निर्माण, फोहरमैला व्यवस्थापन, नदी स्वच्छतालगायत विषयमा छलफल भएको छ । भेटमा उपाध्यक्ष जुटले मन्त्रालयले दुई स्थानमा केन्द्रित भएर योजना अघि बढाउन खोज्नु राम्रो भएको भन्दै सहकार्यका लागि विश्व बैंक सकारात्मक रहेको बताउनुभयो।



विश्व बैंकले लुम्बिनी, काठमाडौँ उपत्यकाको सहरी पूर्वधार, वातावरणीय प्रदूषण न्यूनीकरण तथा नदी र वायु स्वच्छताको क्षेत्रमा सहयोग गर्ने बताउनुभयो।

यस भेटवार्ताले नेपाल सरकार र विश्व बैंकबीचको साझेदारीलाई अझ सुदृढ गर्ने विश्वास व्यक्त गरिएको छ।

कार्यवाहक प्रधानमन्त्री सिंहले सहरी विकास मन्त्रालयका आयोजनामा विश्व बैंकसँग भइरहेको सहकार्यका लागि आभार व्यक्त गर्दै नयाँ योजनाहरूमा पनि थप सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो।रासस

# शून्य समयमा सांसदको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रियसभाको शून्य समयमा सांसदहरूले बाढीपहिरोजन्य प्रकोप व्यवस्थापन, सडक दुर्घटना नियन्त्रण, मधेशमा सिँचाइ तथा खानेपानीको सङ्कट समाधानलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकमा सांसद घनश्याम रिजालले दोलखाको मेलुम वडा ७ ठाडी पहिरी बस्ती जोखिममा परेको भन्दै तत्काल पहिरो रोकथामको व्यवस्था गरी खेतीयोग्य जमिनको संरक्षण तथा उक्त स्थानका नागरिकको जिउधनको सुरक्षा गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

उक्त क्षेत्रमा वर्षात्मा जमिन भासिने र पहिरो जाने तथा हिउँदमा पनि सुक्खा पहिरो जाने र यसपालीको वर्षाले पनि सो स्थानमा रहेको मोटरबाटोलगायत खेतीयोग्य जमिनमा नराम्ररी क्षति पुऱ्याएको उहाँले बताउनुभयो।



सांसद पदमबहादुर परियारले पृथ्वीराजमार्गअन्तर्गत तनहुँको घाँसी कुवादेखि कमलबारी खण्डमा दिनहुँ सडक दुर्घटना भइरहेको भन्दै सडकखण्डलाई सुरक्षित बनाउन आवश्यक प्रवन्ध गराउन सभाअध्यक्षमार्फत सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो।

सांसद मनरुपा शर्माले दुग्ध किसानलाई दसैं अगाडि नै उखुको बक्यौता रकम भुक्तानी गर्न सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद रेनु चन्दले बैतडीको डिलासैनी-३ गिरीबगरमा विजुलीको हाइटेन्सनमुनि थुपारिएको बालुवामा खेल्नेक्रममा १४ वर्षीय किरण कोलीको करेन्ट लागेर मृत्यु भएको र पीडितले एक महिनादेखि न्याय नपाएको भन्दै उक्त घटनाको निस्पक्ष छानविन गरी पीडितलाई न्याय दिन सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद बिष्णुबहादुर विश्वकर्माले करेन्ट लागेर बालकको मृत्युभएको घटनाबारे सत्यतथ्य छानबिनगरी दोषीलाई कानुनी कारबाही र पीडितलाई क्षतिपूर्ति दिन सरकारसमक्ष माग गर्नुभयो।

सांसद बिष्णुकुमारी सापकोटाले पर्याप्त पूर्वाधारबिनै महङ्गो प्रविधि भित्र्याउनु गम्भीर विषय हो भन्दै देवनागरिकमा लेखिँदै आएको नम्बरप्लेटलाई अंग्रेजीमा लेखिनु राष्ट्रिय भाषा र लिपिको अवमूल्यन भएको जिकिर गर्नुभयो।

यातायात व्यवस्था विभागले आगामी असोज १ गतेदेखि सवारीसाधनमा इम्बोस्ट नम्बरप्लेट अनिवार्य गर्ने निर्णय गरेको र नागरिकस्तरबाट विरोध आएपछि इम्बोस्ट नम्बर जडान नगरे पनि कुनै जरिवाना नहुने सूचना निकालेको भन्दै राष्ट्रिय पहिचानको अवमूल्यन, भाषा र नागरिकको तथ्याङ्कमाथिको खेलबाड भएको उहाँको भनाइ थियो।

सांसद साबित्री मल्लले मंगलबार भदौ १७ गते नेपाली महिलाले पहिलो पटक मदाधिकार प्रयोग गर्न पाएको दिनको उपलक्ष्यमा सम्पूर्ण महिलाहरूमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

उहाँले सरकारले तराई-मधेशका आठ जिल्लालाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि मधेश प्रदेशमा अहिले पनि खानेपानी र सिँचाइको समस्या रहेको भन्दै यथोचित व्यवस्था मिलाउन सभाअध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।रासस

# अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्दै गण्डकी प्रदेश

पोखरा । गण्डकी प्रदेशसभाले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने विशेष ऐन पारित गरेसँगै सम्बन्धित व्यक्ति र सरोकारवालाई उत्साहित बनाएको छ । यससँगै दया वा सहानुभूतिमा सीमित भएर हेर्ने पुरानो दृष्टिकोणलाई तोड्दै समान अवसर, आत्मसम्मान र सशक्तीकरणको नयाँ युग सुरु भएको सरोकारवालाको विश्वास छ।

पोखराको शहिदचोकमा यही भदौ ३ गतेको साँझको माहौल अलि फरक थियो । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक गण्डकी प्रदेशसभाबाट पारित भएसँगै अपाङ्गता अवस्था भोगिरहनु भएका र यस क्षेत्रमा काम गर्न सरोकारवाला र अधिकारकर्मीहरुलाई उत्साहित बनाएको थियो।

"अपाङ्गताको अधिकारका लागि हामी निरन्तर लडिरहेका थियौँ, अन्ततः गण्डकी प्रदेश सरकारले अपाङ्गता अधिकारसम्बन्धी विधेयक पारित गरेको छ," अपाङ्गता महिला सशक्तीकरण केन्द्रकी अध्यक्ष अन्जना केसीले भन्नुभयो। उहाँका अनुसार अब गण्डकी प्रदेशका अपाङ्गता भएका नागरिकले समान अवसर र सम्मानजनक जीवनको नयाँ कानुनी बाटो पाउनेछन् । "अपाङ्गता भएका नागरिकको अधिकारका लागि गरिएको अथक सङ्घर्षको विजयोत्सवका रूपमा हामीले दीप प्रज्ज्वलन गरेर खुसी साटेका हौँ," उहाँले थप्नुभयो।

यससँगै गण्डकी प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुन बनाउने नेपालको पहिलो प्रदेशसमेत बनेको छ । केसीका अनुसार यस विधेयकले गण्डकी प्रदेशका अपाङ्गता भएका नागरिकको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। "धेरै लामो समयदेखि अपाङ्गता भएका व्यक्तिले समाजमा विभेद, असमानता र पहुँचको अभावजस्ता चुनौतीको सामना गर्दै आएका थिए। अब यसले सार्वजनिक स्थलमा सहज पहुँच, शिक्षा, सेवा र रोजगारीमा अवसरको साथै सामान्य सामाजिक गतिविधिसमेतमा सहभागिता बढाउने अपेक्षा गरेका छौँ," उहाँले भन्नुभयो।



गण्डकी प्रदेशका अध्यक्ष खोमराज शर्माले भन्नुभयो, "विधेयक चाहेजस्तो पूर्ण नहोला, तर जुन प्रयास भएको छ, यो निकै ठूलो उपलब्धि हो। नियमावली बनेर कार्यान्वयन तत्काल सुरु हुन्छ भन्ने हाम्रो पूर्ण विश्वास छ।"

शर्माका अनुसार, यो ऐनले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई थप सुदृढ पार्दै सामाजिक न्यायको स्थापनामा महत्वपूर्ण योगदान गर्नेछ। तर अपेक्षित परिणाम दिनका लागि केवल कानुनी प्रावधान मात्र पर्याप्त नभई स्पष्ट नियमावली निर्माण, प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमन अपरिहार्य हुने उहाँको भनाइ छ।

गण्डकी प्रदेशले अपाङ्गतासम्बन्धी नीति २०७९ भदौमा बनाएको थियो र २०८२ भदौमा विधेयक पारित गर्दै सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । "प्रदेश सरकार स्थापनादेखि नै अपाङ्गता लक्षित कार्यक्रमलाई स्थानीय तहसम्म सशक्तिकरण र उत्तरदायित्वसहित

> "मलाई विश्वास छ, यो विधेयक कार्यान्वयनमा आयो भने अपाङ्गता भएका व्यक्ति "भार" होइनन्, बरु समाजका उत्पादनशील, सिर्जनशील र सम्मानित अङ्गका रूपमा अझ स्पष्ट देखिनेछन् । यो हाम्रो सामूहिक भविष्यको आधार हो,"

पक्ष हो । तर, उहाँले थप्नुभयो, "ऐन पारित हुनु महत्वपूर्ण हो, तर प्रभावकारी कार्यान्वयनका लागि स्रोत, संरचना र स्थानीय कार्ययोजनामा विशेष ध्यान दिनुपर्छ । यसका लागि कर्मचारी र जनप्रतिनिधिलाई आवश्यक तालिम अनिवार्य छ।"

शर्माले मन्त्रालयभित्र अपाङ्गता अधिकारसम्बन्धी छुट्टै शाखा नहुनु र कार्यकारी उपाध्यक्षमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य व्यवस्था नसमेटिनुले कार्यान्वयनमा चुनौती थपिने बताउनुभयो। तथापि, यो विधेयकले गण्डकीलाई अपाङ्गता समावेशी नीतिमा अगुवा बनाएको र बजेट तथा कार्ययोजनाले यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सक्ने सम्भावना रहेको उहाँको भनाइ छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमै ऐन कार्यान्वयनका लागि ४५ लाख रुपैयाँ छुट्याउने प्रस्ताव गरेको जानकारी दिँदै शर्माले यसले कार्यविधि निर्माण र कार्यान्वयनमा आशा जगाएको बताउनुभयो । २०७८ सालको जनगणनाअनुसार गण्डकी प्रदेशमा करिब ७३ हजार अपाङ्गता भएका व्यक्ति रहेका छन् । तर शैक्षिक, रोजगारी, आर्थिक र सामाजिक अवस्थाको खण्डीकृत तथ्याङ्क अभावमा लक्षित कार्यक्रम प्रभावकारी बनाउन चुनौती रहेको भन्दै उहाँले आगामी दिनमा यी सबै पक्षलाई समेटेर अघि बढ्न सुझाव दिनुभयो।

अपाङ्गताको क्षेत्रबाट प्रतिनिधित्व गर्ने गण्डकी प्रदेशसभा सदस्य सुनिता थापाले पारित विधेयकलाई आफ्नो सपना र सङ्घर्षको बकानुनी कागज मात्र होइन, आफ्नै जीवनको पीडा, सङ्घर्ष र सपनाको अभिलेख हो। स्वयं अपाङ्गता भएको व्यक्तिको हैसियतले मैले अवसर नपाउँदा क्षमता कसरी दबिन्छ, अधिकार नपाउँदा आत्मसम्मान कसरी घाइते हुन्छ भन्ने भोगेकी छु ।" थापाले गण्डकी प्रदेशसभाले पारित गरेको "अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक"लाई ऐतिहासिक र जीवन्त कदमका रूपमा व्याख्या गर्नुभयो।

उहाँका अनुसार, यसले अपाङ्गतालाई दया वा सहयोगको दृष्टिभन्दा माथि उठाएर अधिकार र समान अवसरको आधारमा सम्बोधन गरेको छ। शिक्षा, रोजगारी, स्वास्थ्य, यातायातदेखि लिएर आत्मनिर्भर जीवन बाँच्न पाउने हकसम्म कानुनी सुनिश्चितता दिएको थापाको भनाइ छ। "मलाई विश्वास छ, यो विधेयक कार्यान्वयनमा आयो भने अपाङ्गता भएका व्यक्ति 'भार' होइनन्, बरु समाजका उत्पादनशील, सिर्जनशील र सम्मानित अङ्गका रूपमा अझ स्पष्ट देखिनेछन्। यो हाम्रो सामूहिक भविष्यको आधार हो," उहाँले भन्नुभयो।

थापाले थप स्पष्ट पार्दै भन्नुभयो, "अपाङ्गता कुनै निश्चित समूहमा सीमित हुने अवस्था होइन। अपाङ्गता जुनसुकै बेला, जुनसुकै व्यक्तिलाई आइपर्न सक्छ। त्यसैले यो विधेयक हाम्रो मात्र होइन, समग्र समाजकै सुरक्षा कबच हो।" उहाँका अनुसार विधेयक केबल हकअधिकार सुनिश्चित गर्ने कानुन मात्र नभई सामाजिक चेतना र व्यवहारमै परिवर्तन ल्याउने सेतु हो। "हामी अहिले कानुन बनाउँदैछौँ, तर वास्तवमा हामी एउटा यस्तो समाजको जग बसाल्दैछौँ, जहाँ अपाङ्गता भएका नागरिकलाई दया होइन, अधिकारका आधारमा सम्मान दिइनेछ," थापाले जोड दिनुभयो।

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने विधेयकलाई ऐतिहासिक कदमको संज्ञा दिनुभयो । उहाँले भन्नुभयो, "अपाङ्गता भएका व्यक्तिमाथि हुने विभेद, असमानता र उत्पीडनको अन्त्य गर्दै उनीहरूको अधिकार, सम्मान र सशक्तीकरण सुनिश्चित गर्ने उद्देश्यले यो विधेयक ल्याइएको हो। यसले नीति निर्माणदेखि विकासका सबै प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको प्रभावकारी सहभागिता सुनिश्चित गर्दै पूर्ण मानवअधिकारको प्रत्याभूत गर्ने विश्वास दिलाउँछ।"

मन्त्री थापाले यस ऐनले अपाङ्गता भएका नागरिकलाई समाजको बोझ नभई समाज निर्माणका महत्वपूर्ण साझेदारका रूपमा स्वीकार गर्ने दृष्टिकोण प्रस्तुत गरेको बताउनुभयो। "मानवअधिकारको रक्षा, आत्मसम्मानको सुनिश्चितता र सशक्तिकरण हाम्रो मुख्य उद्देश्य हो।" थापाका अनुसार विधेयकमा अपाङ्गताको विविधतालाई ध्यानमा राख्दै १० प्रकारका अपाङ्गतालाई समेटिएको छ, ताकि कुनै पनि नागरिकले आफूलाई राज्यबाट उपेक्षित वा बहिष्कृत महसुस नगरोस् । यस कानुनले शिक्षा, स्वास्थ्य, रोजगारी, सीप विकास, पहुँच र सामाजिक न्यायका क्षेत्रमा समान अवसर सुनिश्चित गर्नेछ। "आज हामीले सुरु गरेको यो कदमले अपाङ्गता भएका व्यक्तिलाई केवल सहानुभूतिका आधारमा होइन, अधिकार र क्षमताका आधारमा सम्मान गर्ने नयाँ संस्कारको सुरुवात गर्नेछ।"

उहाँले अपाङ्गता भएका व्यक्तिको हकहित सुनिश्चित गर्न गठन गरिएको निर्देशन समितिमा दश प्रकारका अपाङ्गताको प्रतिनिधित्व सुनिश्चित गरिएको र यसका लागि एक करोड रुपैयाँ बजेट छुट्याइएको पनि जानकारी दिनुभयो। साथै, कार्यविधि र नियमावली कार्यान्वयनका लागि हाल रु ४५ लाख विनियोजित गरिएको छ। समितिले ऐन कार्यान्वयनको क्रममा कमी-कमजोरी क्रमशःसुधार गर्दै लैजाने छ।

हाल निर्देशन समितिको कार्यकारी उपाध्यक्षमा अपाङ्गता भएका व्यक्ति हुनुपर्ने विषयमा छलफल भए पनि ऐनमा यो व्यवस्था समावेश छैन। तर भविष्यमा यसलाई समेट्ने योजना रहेको मन्त्री थापाले बताउनुभयो । उहाँले थप्नुभयो, "हाल खण्डीकृत तथ्याङ्क उपलब्ध नभएकाले अब प्रत्येक स्थानीय तहमा अपाङ्गताको प्रकार र अवस्थाअनुसार विस्तृत तथ्याङ्क सङ्कलन गर्नुपर्ने नीति बनाइएको छ। रोजगारी, शिक्षा, स्वास्थ्य र द्वन्द्वपीडित व्यक्तिलाई विशेष प्राथमिकता दिँदै समावेशी नीति अघि बढाइनेछ।" ऐन छिट्टै राजपत्रमा प्रकाशित भएपछि पूर्ण कार्यान्वयनमा आउने मन्त्री थापाको भनाइ छ । ऐनमा अपाङ्गता भएका व्यक्तिको जीवनस्तर उकास्ने गरी सवारी चालक अनुमति पत्रमा सहजता, दिवा सेवा केन्द्रको स्थापना, साङ्केतिक भाषाको विकास, आवासीय शिक्षा र प्राकृतिक प्रकोपमा विशेष प्राथमिकताजस्ता महत्वपूर्ण प्रावधान समावेश छन् । यी प्रावधानले अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र आत्मनिर्भरता अभिमुखी कदमलाई बल पुऱ्याउनेछन्।

नेपालको संविधानले सबै नागरिकलाई समान अधिकारको प्रत्याभूति गरे पनि अपाङ्गता भएका व्यक्तिका लागि विशेष कानुनी संरचना र प्रभावकारी कार्यान्वयनको अभाव विगतदेखि खट्किँदै आएको अवस्थामा गण्डकी प्रदेशले पारित गरेको विधेयकलाई अर्थपूर्ण र स्वागतयोग्य कदमका रूपमा लिइएको छ । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, सञ्चालन गर्न ठोस नीति र कानुनको माग रहँदै आएको थियो । यस विधेयकले पहुँचयुक्तता, समावेशीता र सशक्तीकरणलाई प्राथमिकता दिन सफल भएको छ," शर्माले स्पष्ट पार्नुभयो । उहाँका अनुसार यातायात सञ्चालनको अनुमति पत्र प्रदान गर्ने जस्ता सङ्घीय ऐनमा नभएका विशेष प्रावधानलाई पनि समेटिनु यस ऐनको सकारात्मक

नेपालको संविधानले समानताको हक, शिक्षाको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक अन्तर्गत अपाङ्गता भएका व्यक्तिलाई विशेष अधिकार प्रदान गरेको छ । गण्डकी प्रदेशको यो विधेयकले संविधानको मर्मलाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिको अधिकार स्थापित गर्ने दिशामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।रासस

# विचाराधीन विधेयक अघि बढाउन सभापतिलाई सुझाव


काठमाण्डु । राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूले नवनिर्वाचित सभापति ईश्वरीदेवी न्यौपानेलाई बधाई तथा शुभकामना दिँदै समितिमा विचाराधीन विधेयकलाई अघि बढाउन सुझाव दिनुभएको छ।

समितिको मंगबारको बैठकमा सदस्यहरूले विधेयक निर्माणमा विगतमा भएका गल्तीबाट पाठ सिकेर अघि बढ्न सुझाव दिनुभयो । उहाँहरूले समितिमा विचाराधीन रहेका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्माणमुखी सामग्री व्यवस्थापन तथा प्रहरी विधेयक तत्काल अघि बढाउन आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद राजेन्द्र पाण्डेले विधेयक निर्माणमा गम्भीर बन्न आग्रह गर्दै जनप्रतिनिधिमुलक थलोबाट निर्माण भएको विधेयक प्रमाणीकरण नभई फर्कने अवस्था नआउने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद दुर्गा राईले विधेयक निर्माणमा विगतको जस्तो त्रुटि नहुने गरी ध्यान दिन आग्रह गर्नुभयो। "विधेयकको दफा/दफा स्पष्ट पारेर मात्र समितिबाट प्रतिवेदन पास गर्नुपर्छ", उहाँले भन्नुभयो, "सदन नचलेको बेला समितिको बैठक राखेर विचाराधीन अख्तियार, निर्माणमुखी, प्रहरीलगायत विधेयक तत्काल अघि बढाऔँ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद पदम गिरीले समितिले निश्चित समयसीमा किटान गरेर विधेयक अघि बढाउनुपर्नेमा जोड दिनुभयो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# सुरक्षानिकायको कारबाहीले दिएको सन्देश

मधेश प्रदेशको खुला सीमानाकाका कारण भारततर्फबाट हुने गरेको विभिन्न खाले आपराधिक गतिविधिदेखि राजश्व छलीलगायतका क्रियाकलापले मधेश प्रदेशमा उत्कर्षको रुपमा लिन थालेपछि सुरक्षानिकायले कडा कदम चालेको देखिन्छ। सुरक्षानिकायमा थालिएको कारबाहीले सामाजमा सकारात्मक सन्देश दिन सफल भएको जस्तो देखिन्छ। मधेश प्रदेशको आठ वटै खुला सीमानाकाका कारण नक्कली नेपाली रुपैयाँको नोटको कारोबार, तस्करी, भन्सारमा राजस्व संकलन र कार्यसम्पादनमा कमजोरी सार्वजनिक भएपछि सशस्त्र प्रहरीले पनि अधिकार ासहितका दर्जनभन्दा बढी सुरक्षाकर्मीलाई कारबाही गरिएको छ। जबकी एक साता अघि नेपाल प्रहरीले मधेश प्रदेशमा कार्यरत प्रहरी अधिकारीसहित प्रहरी जवानलाई सयौंको संख्यामा कारबाही गरिएको थियो। त्यसको एक सातापछि सशस्त्र प्रहरीले समेत सशस्त्र प्रहरीका अधिकारीसहितकालाई कारबाही गरेर सीमानाका क्षेत्रमा हुने गरेको विभिन्न खाले आपराधिक गतिविधि तथा गलत क्रियाकलाप तत्काललाई न्यूनीकरण हुने संकेतको रुपमा पनि हेरिएको छ। दशैं आउन एक महिना बाँकी रहेको समयमा नै सुरक्षानिकायमध्येका नेपाल प्रहरी र सशस्त्र प्रहरीले कारबाही गरेपछि सीमानाकामा मौलाएको विकृति र विसंगतिहरु पनि न्यून अवश्य रुपमा हुने देखिन्छ। भने नेपाल-भारत सीमा क्षेत्रमा रहेको अवैध कनेक्सनसहितको नेटवर्क तत्काललाई डिस्कनेक्ट हुँदा सर्वसाधारणले खेप्दै आएका सास्ती अब नखेप्नु पर्नेमा सीमाक्षेत्रमा बसोबास गर्दै आएका स्थानीयवासीले अवश्य पनि राहतको सास फेर्ने छन्। भारतको बिहारमा लोकसभाको निर्वाचन नजिकिँदै जाँदा भएको नेपालबाट आतंककारी प्रवेशदेखि नक्कली नोटको कारोबार मुज्जफफ्रपुरतर्फबाट नेपालको सर्लाही, रौतहट, बारा, पर्सा हुँदै प्रवेश गर्ने गरेको खबर सार्वजनिक भएपछि सुरक्षानिकाय निकै चनाखो भएका छन्। नक्कली नेपाली रुपैयाँको कारोबारीहरुले सक्रियता बढाइरहेको बेला सुरक्षानिकायले थालेको कारबाहीले नक्कली नोटको जालोसमेत केही हदसम्म क्रमभंग भइ अन्त्य हुने अपेक्षा पनि लिइएको छ। सुरक्षानिकायले कारबाही गर्ने क्रममा विभिन्न अवैध कारोबार, राजश्व संकलन, राजश्व छली र कार्यसम्पादनमा कमजोरी स्वीकार गरी अगाडि बढ्दा अवश्य पनि समाज, स्थानीयवासी, देशले समेत लाभ प्राप्त गर्नेछन्। यसले मधेशमा रहेको खुला सीमानाकाका कारण हुने गरेको चोरी, डकैती, बलात्कारी, हत्याजस्ता अपराधिक गतिविधिमा पनि कमी आउनुका साथै आपराधिक मानसिकतामा पनि ह्रास उत्पन्न हुनेछ। केही युवाहरुमा बढ्दै गएको गलत रुपमा कारोबार गरी एकै रातमा धनी बन्ने सपनामाथि पनि ब्रेक लाग्नु मननयोग्य कुरा नै हो। गलत कारोबार र सीमाक्षेत्रमा हुने गरेको अपराधले समाजमा उजागर भइरहेको नकारात्मक सन्देशको अन्त्य पनि आवश्यक छ। यसमा अझै पनि सुरक्षानिकाय चनाखो हुन जरुरी रहेको देखिन्छ।

## लगानी सम्मेलनः

# सुदूरपश्चिम सम्भावनाको द्वार, लगानीको गन्तव्य



नृपबहादुर सुनार

अपार सम्भावना हुँदाहुँदै विगतमा सुदूरपश्चिम प्रदेशमा विकासले गति लिन सकेन। त्यसैले गरिबी, दुःख, अभाव, बेरोजगारी र कठिनाइ यस प्रदेशको परिचयजस्तै बन्यो। गणतन्त्र स्थापनापछि भने यो परिचय बदल्न र नयाँ पहिचान बनाउन तिनै तहका सरकार क्रियाशील छन्। सुदूरपश्चिम केबल 'टाढाको भूगोल होइन, नजिकको सम्भावना' हो भन्ने भाष्य बनाउन विविध प्रयत्न भइरहका छन्।

आजको विश्व आर्थिक साझेदारी र सहकार्यको नयाँ चरणमा प्रवेश गरिरहेको छ। दिगो विकास, समृद्धि र साझा प्रगति अब सरकार, समुदाय र निजी क्षेत्रबीचको सहकार्यबाट मात्रै सम्भव छ। यही दृष्टिकोणलाई आत्मसात् गर्दै प्रदेश सरकारले आफ्ना नीति, योजना र कार्यक्रममार्फत रूपान्तरणको यात्रा अघि बढाएको छ। यस अभियानमा सबैको अपनत्व र सहकार्य जुटाउन 'सुदूरपश्चिम प्रदेश विकास तथा लगानी सम्मेलन' सुरु गरिएको हो। प्रदेशलाई 'सम्भावनाको द्वार, लगानीको गन्तव्य'का रूपमा स्थापित गर्न दीर्घकालीन साझेदारी, लगानी प्रवर्द्धन र दिगो विकासतर्फ नयाँ युग सुरु गर्ने अठोटसहित यसको सुरुआत गरिएको हो। गत वर्ष असोज २१-२२ गते सम्पन्न पहिलो सम्मेलनले लगानीको आधार तयार गरिसकेको छ। अब मङ्सिर १-२ गते हुने दोस्रो सम्मेलनमार्फत त्यसलाई अझ गति दिने, नयाँ सम्भावना खोल्ने र दीर्घकालीन साझेदारीको वातावरण निर्माण गर्ने हाम्रो अपेक्षा छ।

**यसकारण विकास सम्मेलन**

सुदूरपश्चिम, जहाँ हरेक नदीले ऊर्जा बोक्छ। हरेक जमिनमा सम्भावना अङ्कुराउँछ र हरेक फाँटमा सुन्दर भविष्यको आशा लहलहाउँछ। सेती, कर्णाली र महाकालीजस्ता नदीमा पानी मात्रै होइन, विद्युत् र जल पर्यटनको ठूला अवसरहरु बगिरहेका छन्। खप्तड, बडिमालिका र अपि-सैपाल हिमाल केबल दृश्य सौन्दर्य मात्र होइनन्, विश्वभरका पर्यटकलाई मोहित पार्ने अमूल्य सम्पदा हुन्। कैलाली, कञ्चनपुरका फाँट, पहाडका कान्ला र उच्च हिमालका पाखापखेरा निर्वाहमुखी खाद्यान्न मात्रै होइन, स्वस्थ जीवनका लागि कृषि उपज र रोजगारीका लागि औद्योगिक सम्भावना पनि बोकेका छन्। यहाँका वन जङ्गल वन्यजन्तुका क्रिडास्थल र जडीबुटीका 'आधार इलाका' हुन्। यी सबै सन्देशलाई विश्वभर पुर्‍याउन र लगानी आकर्षित गर्न यो सम्मेलन दोस्रो पटक आयोजना हुँदैछ।

प्रदेशलाई समृद्धि र दिगो विकासतर्फ उन्मुख गराउन सबै सरोकारवालामा साझा दृष्टिकोण निर्माण र दीर्घकालीन सहकार्य आवश्यक छ। यही उद्देश्यका लागि विकास सम्मेलन आयोजना गर्न थालिएको छ। यसले कानुनी र नीतिगत सुधार, सार्वजनिक-निजी साझेदारी तथा स्थानीय उद्यमशीलता प्रवर्द्धन गरी प्रदेशको विकासलाई एक नयाँ दिशा दिने लक्ष्य लिएको छ। सम्मेलनका मुख्य पाँच वटा उद्देश्य र महत्त्व छन्ः

लगानी आकर्षणः प्रदेशका प्रमुख क्षेत्रहरू (ऊर्जा, कृषि, पर्यटन, पूर्वाधार, उद्योग, डिजिटल) मा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्नु। नयाँ लगानी प्रवाहमार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी रोजगारी सिर्जना र आर्थिक गतिशीलता प्रदान गर्नु।

नीति सुधार र लगानीमैत्री वातावरणः सरलीकृत लगानी प्रक्रियाका माध्यमबाट लगानीकर्ताहरूलाई सहज अनुभव प्रदान गर्नु। सरकारी, निजी तथा अन्तरराष्ट्रिय साझेदारहरूको सहकार्य र समन्वयलाई बलियो बनाउनु।

स्थानीय उद्यमशीलता र नवप्रवर्तनः युवा उद्यमी र 'स्टार्टअप' को विकासमा प्रोत्साहन गर्नु। नवप्रवर्तनशील विचारधारालाई समर्थन गर्दै प्रतिस्पर्धात्मकता र दीर्घकालीन विकास सुनिश्चित गर्नु।

समग्र आर्थिक विकासः प्रदेशको कुल घरेलु उत्पादन (जिडिपी) वृद्धिमा योगदान पुर्‍याउने। आर्थिक संरचनामा नयाँ जीवन्तता र दिगो विकास रणनीतिहरूको कार्यान्वयन गर्नु।

सम्मेलनलाई यी उद्देश्य पूर्तिका लागि स्थानीय सरकार, निजी क्षेत्र, विकास साझेदार र सङ्घीय सरकारबीचको सहकार्यलाई संस्थागत बनाउने तथा सुदूरपश्चिमको सम्भावनालाई विश्वसामु उजागर गर्ने अवसरका रूपमा लिएका छौं।

**सुदूरपश्चिम : सम्भावना र अवसर**

सामाजिक, सांस्कृतिक, भौगोलिक र जैविक विविधता तथा स्रोत र संसाधनको विविधता (प्राकृतिक, मानवीय र भौतिक संचरना) सुदूरपश्चिम प्रदेशका सामर्थ्य हुन्। यो यस्तो भूमि हो, जहाँ खप्तडका जङ्गलले ध्यानको गहिराइमा पुर्‍याउँछन्। अपी-सैपाललगायत हिमालले गौरवको शिखर देखाउँछन् र महाकाली-कर्णालीजस्ता नदीले विकासमा हासिल गर्न चाहेको गतिलाई बताउँछन्। यहाँका तराई, पहाड र हिमालका बस्ती, खोलानाला, पाखापखेरामा सङ्घर्ष, साहस र संस्कारको कथा गुथिएका छन्।

यस प्रदेशमा पेट्रोलियम पदार्थ, चुनढुङ्गा, पत्थर, कोइला, अभ्रक (सल्फर), फलाम, तामा, सिसा आदिका खानीको सम्भावना रहेको अनुमान छ। यहाँको तराई क्षेत्र अन्नबाली, दलहन र तेलहनको भण्डार हो भने पहाड जडीबुटी र फलफूलको उद्यानयुक्त क्षेत्र हो। व्यापारिक सम्बन्धको हिसावले पनि यो प्रदेश बहुआयामिक महत्वको छ। तराई र पहाडका जिल्लाको व्यापार, पारवहन र वाणिज्य सम्बन्ध भारतसँग जोडिएको छ। नजिकै भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यहरू छन्। चीनको स्वशासित क्षेत्र तिब्बत र नेपालकै लुम्बिनी तथा कर्णाली प्रदेशसँग सीमाना जोडिएको छ।

यी सम्भावनाका बीच पनि उचित लाभ लिन सकिएको छैन। 'ल्हासामा सुन छ कान मेरो बुच्चै' भनेझैं यहाँ उचित लगानी र विकास पूर्वाधारको अभावमा देशमै सबैभन्दा कमजोर अवस्था छ। मानव विकास सूचकाङ्क, बहुआयामिक गरिबी, बिजुली उत्पादन, बेरोजगारी, उद्योग, कलकारखाना, कुल गार्हस्थ उत्पादनमा हाम्रो अवस्था चिन्ताजनक छ। त्यसैले यी सबै कुरालाई मध्यनजर गरी प्रदेश सरकारले विकासको गति बढाउन चाहेको छ। त्यसका लागि सबैलाई लगानीको लागि अपिल गरिरहेको छ। प्रदेश सरकारले कृषि, पर्यटन, पूर्वाधार, ऊर्जा, मानव पुंजी, सूचना तथा प्रविधि र सेवा क्षेत्रमा लगानीको बाटो खोल्ने गरी विकास प्राथमिकताको पहिचान गरेको छ। आगामी लगानी सम्मेलनलाई लक्षित गरी विभिन्न मन्त्रालय, निजी क्षेत्र र विकास साझेदार समेतको समन्वयमा करिब ४५ वटा बहुलाभदायी परियोजना पहिचान गरिएका छन्। यहाँका सम्भावनाबारे यसरी विश्लेषण गरौंः

**सुदूरपश्चिममा ऊर्जामा यत्रो सम्भावना छ, तर पनि यहाँ करिब एक सय ७५ मेगावाट विद्युत् मात्रै उत्पादन भइरहेको छ, जबकी देशभर करिब तीन हजार पाँच सय ६५ मेगावाट बिजुली उत्पादन भइरहेको छ।**

ऊर्जा र जलविद्युतः सुदूरपश्चिम प्रदेशमा जलविद्युत् आयोजना विकासको ठूलो सम्भावना छ। यहाँका नदी तथा खोलाबाट १५ हजार मेघावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको जानकारहरू बताउँछन्। छ हजार चार सय मेगावाट क्षमताको पञ्चेश्वर बहुउद्देशीय परियोजना, ४३९ मेगावाटको बेतन कर्णाली आयोजना, सात सय ५० मेगावाटको पश्चिम सेती परियोजना र १० हजार आठ सय मेगावाट क्षमताको कर्णाली परियोजना यहाँका महत्वपूर्ण आयोजना हुन्। बझाङ, बैतडी, दार्चुला, अछाम, डोटी, बाजुरामा केही जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा छन्।

सुदूरपश्चिममा ऊर्जामा यत्रो सम्भावना छ, तर पनि यहाँ करिब एक सय ७५ मेगावाट विद्युत् मात्रै उत्पादन भइरहेको छ, जबकी देशभर करिब तीन हजार पाँच सय ६५ मेगावाट बिजुली उत्पादन भइरहेको छ। यहाँ छ सय ८० मेगावाट विद्युत् उत्पादनका लागि अनुमति लिएर विभिन्न चरणमा छन्।

एक हजार नौ सय १६ मेगावाट उत्पादन अनुमतिपत्रका लागि दरखास्त प्राप्त भएको र एक हजार दुई सय ७२ मेगावाटका लागि सर्वेक्षण अनुमतिप्राप्त गरी अध्ययनको चरणमा रहेको अवस्था छ। कतिपय आयोजना सम्भाव्यता अध्ययन सकेर निर्माण सुरु हुने अवस्थामा छन्। यहाँ आन्तरिक माग, नजिकै विश्वको उदाउँदो अर्थतन्त्र भारत र त्यहाँका धेरै जनसङ्ख्या र उद्योग भएका क्षेत्र नजिकै रहेकाले प्रदेशमा उत्पादित विद्युत् केवल आन्तरिक माग पूरा गर्न मात्र होइन, भारत र त्यहाँ हुँदै अन्य मुलुकमा निर्यात गर्न सक्ने क्षमता सम्भावना छ।

कृषि र कृषि उद्यमः यहाँ कुल कृषि योग्य क्षेत्र तीन लाख ६७ हजार छ सय ४९ हेक्टर रहेको छ। त्यसमा एक लाख ७१ हजार आठ सय ३२ हेक्टर सिँचित क्षेत्र छ। जहाँ ३८ हजार तीन सय हेक्टर सिँचाइ क्षमताको रानीजमरा कुलरिया सिँचाइ आयोजना र ७१ हजार आठ सय २० सिँचाइ हुने महाकाली सिँचाइ आयोजना छ। यहाँको कृषि क्षेत्रले प्रदेशको कुल गार्हस्थ उत्पादनमा करिब एक तिहाइ योगदान गरिरहेको छ। यहाँ बाजुरामा १९ हजार हे, बझाङमा १८ हजार र अछाममा ११ हजार हेक्टर ओलिभ खेतीका लागि सम्भावनायुक्त छ।

यसर्थ धान, गहुँ र ओलिभ प्रशोधन तथा पशु आहार उद्योग यहाँको कृषि औद्योगिक आधार हुन्। यस्तै, ओखर, किवी, सुन्तला, स्याउलगायत उच्च मूल्यका बालीको उपयोग, स्थानीय रक्सी उत्पादन, जैविक तथा देशी बीउ उत्पादन कारखाना, बहुउद्देश्यीय जडीबुटी प्रशोधन केन्द्र, मसला प्रशोधन, व्यावसायिक दुग्ध उत्पादन र व्यवस्थापन गर्न सकिन्छ। त्यसबाहेक माछा उद्योग, ह्याचरी, व्यावसायिक हरिण, कालिजपालनका लागि यो भूमिमा अत्यन्त सम्भावना छ। यी उत्पादनलाई प्रशोधन गरी मूल्यवृद्धि गरेर अन्तरराष्ट्रिय बजारमा निर्यात गर्न सकिन्छ।

पर्यापर्यटन, साहसिक गतिविधि र धार्मिक पर्यटनः खप्तड राष्ट्रिय निकुञ्ज, अपि-सैपाल हिमाल, बडिमालिका, उग्रतारा, शैल्यशिखर, रामारोशन, घोडाघोडी, बेहडाबाबा, मल्लिकार्जुन, उग्रताराजस्ता धार्मिक तथा प्राकृतिक स्थलले साहसिक, धार्मिक र पारिस्थितिक पर्यटनको अपार अवसर बोकेको छन्। खप्तड र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज इको लज, वन्यजन्तु सफारी र वेलनेस रिट्रिट, बडिमालिका, त्रिपुरासुन्दरी, शैलेश्वरी, रामारोशन, बैद्यनाथधामजस्ता क्षेत्रहरू आध्यात्मिक र सांस्कृतिक पर्यटन, महाकाली, कर्णाली र सेतीलगायत नदीहरू र्‍याफ्टिङ, कायकिङ र नदी किनार इको-लजका लागि उपयुक्त छन्।

यहाँ खस भाषाको उद्गमस्थल डोटी सभ्यता, सौका, डगौरा, राना थारुलगायत यहाँका जातजाति, भाषाभाषी, रहनसहन आधारित होमस्टे, फार्म टु टेबल अनुभव र हिमालयन ट्रेकिङ मार्गको विकासको माध्यमबाट लाभ लिन सकिन्छ। यसमा तीर्थस्थल र संरक्षित क्षेत्रलक्षित रिसोर्ट, हाइवे विश्राम स्थल, केबलकार, सम्मेलन केन्द्र, पार्कहरू लगानीका क्षेत्र हुनसक्छन्।

उद्योग पूर्वाधार र सहरी विकासः यहाँका नौ जिल्लामा २५ भन्दा बढी खनिजहरू पहिचान गरिएका छन्। प्रमुख खनिजका लागि ४० भन्दा बढी अन्वेषण अनुमतिपत्र जारी गरिएका छन्। टालक, ग्रेनाइट र धातु खानी (सिसा, तामा, जिङ्क), मूल्यवान चुनढुङ्गा-सिमेन्ट परियोजनामार्फत खनिज केन्द्रहरू बनाउन सकिन्छ। क्षेत्रीय आपूर्ति श्रृङ्खलाका लागि रासायनिक र मल उद्योग, काठ, काठ प्रशोधन र सिजनिङ प्लान्टहरू, ग्रेनाइट र धातु हस्तकला उद्योग लगानीका क्षेत्र हुन्।

यस्तै, सडक स्तरोन्नति, इन्धन स्टेशन, विद्युतीय सवारी चार्जिङ स्टेशनजस्ता हाइवे र पुल परियोजना, पर्यटकका लागि चार्टर्ड उडान, हवाई सेवा तथा विमानस्थल स्तरोन्नति र सार्वजनिक यातायात, आवास, पानी र सरसफाइ, मनोरञ्जन क्षेत्रहरूमार्फत रणनीतिक लगानीका अवसर छन्। यसका साथै डुडेझारी, दैजी छेला औद्योगिक क्षेत्र र दोधारा चाँदनी सुक्खा बन्दरगाह विकास।

शिक्षा, स्वास्थ्य, खेलकुद र सूचना प्रविधिः हाल यहाँ चिकित्सक जनसङ्ख्या अनुपात १ः १९००० छ। जबकी विश्व स्वास्थ्य संगठनको मापदण्ड १ः१००० छ। यसर्थ ई–हेल्थ, डाइग्नोस्टिक र ग्रामीण पहुँचका लागि लगानीको प्रचुर सम्भावना छ। यहाँ जनसङ्ख्याको ४३ प्रतिशत १९ वर्षमुनिका युवाहरू छन्। समग्रमा ६० प्रतिशत युवाको उपस्थिति छ। यस्तो अवस्थामा आवासीय नमुना विद्यालय, पोली-टेक्निक, प्राविधिक शिक्षालय, मेडिकल कलेज, डिजिटल पूर्वाधार, ग्रामीण बजार विस्तार, सफ्टवेयर विकास र आइटी सेवा, आइटी हब, प्राविधिक इन्क्यूबेटर र डेटा सेन्टरमा लगानी गर्न सकिने प्रशस्त ठाउँ छ।

पछिल्लो समय लगानीको अर्को क्षेत्र खेल पूर्वाधार हो। खेल क्षेत्रमा सुदूरपश्चिमको योगदान करिब ४० प्रतिशत रहेको विज्ञहरूको दावी छ। खेलाडी र यहाँका दर्शकको लगाव अत्यधिक छ, नेपाल प्रिमियर लिग (एनपिएल) त्यसको उदाहरण हो। नेपाल क्रिकट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले काठमाडौंको क्रिकेटग्राउण्डमा उपस्थित करिब ७० प्रतिशत दर्शक सुदूरपश्चिमकै र ९६ मध्ये २८ वटा खेलाडी सुदूरपश्चिमकै रहेको बताउँदै हुनुहुन्थ्यो। यसलाई अर्थतन्त्रसँग जोड्न यहाँ पर्याप्त ठाउँ छ।

**सुदूरपश्चिम किन अबको गन्तव्य ?**

सीमापार व्यापार र ठूलो बजार पहुँचः भारतसँगको खुला सीमा, निकट बजार र यातायात सञ्जालले सुदूरपश्चिमलाई क्षेत्रीय व्यापारिक केन्द्र बनाउन सक्छ। भारतका दुई प्रमुख राज्यहरू उत्तराखण्ड र उत्तरप्रदेशसँग हामी जोडिएका छौं, जहाँ २७ करोड जनसङ्ख्या छ। दिल्ली, लखनऊ, बरेली, देहरादुन र अन्य सहरमा सहज सडक पहुँच छ। त्यसैले यहाँको उत्पादन र ऊर्जा खपतका लागि पर्याप्त असर छन्।

हरित अर्थतन्त्रको केन्द्रविन्दुः देशमै बढी वन क्षेत्र रहेको यस प्रदेशमा जलवायु प्रतिरोधात्मक, नवीकरणीय ऊर्जा र स्वच्छ ऊर्जा आधारित जीविकोपार्जनका अवसर छन्।

'भर्जिन ल्याण्ड': धार्मिक क्षेत्र, सांस्कृति विविधता र पर्यापर्यटनका दृष्टिले 'भर्जिन' ल्याण्ड छ। यहाँ भारतीय धार्मिक पर्यटकदेखि साहसिक विश्वपर्यटनलाई लोभ्याउन सम्पदाहरू छन्।

श्रम केन्द्रित युवा जनशक्तिः अहिलेको विश्वको सबैभन्दा ठूलो सम्पत्ति मानव पुँजी नै हो। सुदूरपश्चिममा हाल १९ वर्षमुनिको जनशक्ति ४३ प्रतिशत र ६० वर्षमुनिको युवाको हिस्सा ६० प्रतिशत छ। यो मानव पुँजीलाई उत्पादनमा लगाउन र श्रम केन्द्रित उद्यमका लागि तयार गरी लाभ लिन सकिन्छ।

मूल्य श्रृङ्खला क्षमताः घरेलु र सीमापारी बजारका लागि कच्चा पदार्थको उत्पादन र आपूर्तिको अपार उपलब्धता छ।

प्रदेश सरकारको लगानीमैत्री सोच र तयारीः लगानीकर्तालेे नाफा मात्र होइन, सुरक्षाको प्रत्याभूति पनि चाहन्छन्। यसलाई ध्यानमा राख्दै प्रदेश सरकारले कर छुट र सहुलियत, लगानी सुरक्षित गर्ने कानुनी संरचना, दर्ता र अनुमतिका लागि 'एकद्वार सेवा केन्द्र', पूर्वाधार निर्माणमा सरकारी प्राथमिकता, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धनलगायत नीतिगत व्यवस्था गरेको छ। यी व्यवस्थामार्फत प्रदेशलाई 'लगानी सुगम गन्तव्य' का रूपमा स्थापित गर्न ठोस कदम चालिएको छ। प्रदेश सरकार हाल दोस्रो पञ्चवर्षीय योजनाको तयारीमा जुटिसकेको छ, जसमा समावेशी, नवप्रवर्तनशील र लगानीमैत्री रणनीतिहरूलाई मूलधारमा ल्याउने तयारी छ। यस योजनामा नजी क्षेत्र निर्देशित विकास ढाँचालाई केन्द्रमा राख्ने दिशामा कार्य भइरहेको छ। यी कार्यले लगानीकर्तालाई सहजता, विश्वास र दीर्घकालीन नाफा सुनिश्चित गर्नेछ भन्ने हाम्रो विश्वास हो।

**'समृद्धिको यात्रामा साझेदारी'**

प्रदेश सरकारले पहिलो पञ्चवर्षीय योजना (२०७८/७९–२०८२/८३) अवधिमा कुन क्षेत्रमा कस्तो उपलब्धि हासिल गर्ने भनेर लक्ष्य निर्धारण गरेको छ। यस अवधिमा आर्थिक वृद्धिदर तीन दशमलव ६ बाट २०८२/८३ सम्म १० दशमलव पाँच प्रतिशत पुर्‍याउने 'महत्वाकांक्षी' लक्ष्य निर्धारण गरिएको छ। यस्तै, प्रतिव्यक्ति आय वार्षिक ९१८ अमेरिकी डलरबाट एक हजार ७१५ डलर पुर्‍याउने भनिएको छ। निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्यालाई २४ दशमलव छ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने तथा बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्यालाई २५ दशमलव तीन प्रतिशतबाट १३ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ।

यस्तै, मानव विकास सूचकाङ्कलाई शून्य दशमलव ५४७ बाट शून्य दशमलव ६२१ मा पुर्‍याउने, अपेक्षित आयु ६९ दशमलव आठबाट ७२ वर्ष पुर्याउने, बेरोजगारी दर सात दशमलव पाँचमा झार्ने तथा ९९ प्रतिशत जनसङ्ख्यामा विद्युत् पहुँच पुर्याउने लक्ष्य लिइएको छ। अब हामी अन्तिम वर्षमा छौं, हालसम्मका तथ्याङ्कले पूर्वनिर्धारित लक्ष्य भेट्टाउन मुस्किल छ।

त्यसैले हामी के निष्कर्षमा पुगेका छौं भने प्रदेशको समृद्धि केवल सरकारको एकल प्रयासले सम्भव हुँदैन। निजी क्षेत्र, वैदेशिक लगानीकर्ता, प्रवासी नेपाली, सहकारी संस्था र स्थानीय समुदाय सबैको सहभागिताबाट मात्रै यो सम्भव छ। त्यसका लागि प्रदेश सरकारले सरकारले साझेदारी, सहकार्य र पारदर्शितामा आधारित आर्थिक विकासलाई प्राथमिकता दिएको छ।

यस सम्मेलनमार्फत हामी सबैलाई एकै थलोमा ल्याएर पूर्वनिर्धारित लक्ष्य पछ्याउन र सम्भावनाको नयाँ अध्याय खोल्ने सपना देखिरहेका छौं। त्यसैले प्रदेश सरकारले प्रदेशका सपना, आशा र सम्भावनामा लगानी गर्न सबैलाई निम्तो गरिरहेका छौं। प्रदेश सरकारले बिजुली उत्पादन गरेर उज्यालो फैलाउन, उद्योग खोलेर रोजगारी सिर्जना गर्न, कृषिलाई समुन्नतिको आधार बनाउन, पर्यटन विकासमार्फत हाम्रो सौन्दर्यलाई संसारभर पुर्याउन आह्वान गरिरहेको छ।

प्रदेश नीति तथा योजना आयोग र सिङ्गो प्रदेश सरकारले बुझेको छ–लगानी केवल पैसा होइन, विश्वास पनि हो। त्यसैले सुदूरपश्चिम प्रदेश सरकारले लगानीकर्ताको नाफा र व्यवसाय सुरक्षा, सहज अनुमति प्रक्रिया, कर प्रोत्साहन, कानुनी तथा नीतिगत सहजीकरण, सार्वजनिक-निजी साझेदारी जस्ता आधारहरू तयार गरिसकेको छ। सुदूरपश्चिमलाई अब अवसरहरूको भूमिमा बदल्ने सरकारको अठोट छ। त्यसमा नीति तथा योजना आयोगले आवश्यक योगदान गरिरहेको छ। हामी सबैलाई अपिल गर्दछौं- आउनुहोस् सँगसँगै हातेमालो गरौं। तपाईं-हाम्रो सहकार्यले उपलब्ध स्रोतको भरपूर उपयोग गर्नेछ। त्यसले रोजगारी सिर्जना गर्नेछ। नागरिकको जीवन बदल्ने छ र यसले प्रदेशलाई मात्र नभई सिङ्गो नेपाललाई समृद्धितर्फ डोर्याउन योगदान पुग्नेछ।

(लेखक सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको सदस्य हुनुहुन्छ)

# पर्यटक बढेपछि घोडा व्यवसाय फस्टाउँदै

ढोरपाटन। एकदशक अघिसम्म ढोरपाटनवासीले बजारबाट सामान ढुवानी गर्न र यात्रा गर्न घोडा खच्चडको प्रयोग गर्दथे। ढोरपाटनमा सडक विस्तार भएर मोटर गुड्न थालेपछि घोडा खच्चड कामविहीन भएका थिए।

कामविहीन भएपछि धेरैले घोडा खच्चड पाल्न छोडे भने पाल्दै आएका किसानलाई पनि बेच्न पाए हुन्थ्यो भन्ने लागेको बताउँछन्। बेकामे बनेका घोडा खच्चड बिक्री नहुँदा किसान चिन्तित भएका किसान पछिल्लो समय ढोरपाटनमा पर्यटक बढ्न थालेपछि घोडा व्यवसाय फस्टाउँदै छ।

ढोरपाटनमा आउने पर्यटकले घोडामा सवार गर्न, तस्बिर तथा भिडियो खिच्नका लागि घोडा सवार गर्न थालेपछि पहिले बिक्री गरेका किसानले अहिले धमाधम किन्न थालेका छन्। पहिले बेकामे बनेका घोडा अहिले आम्दानीको स्रोत बन्न थालेका व्यवसायीको भनाइ छ।

पर्यटकको चाप बढ्दै गएपछि अहिले घोडा व्यवसाय पनि फस्टाउन थालेको ढोरपाटन नगरपालिका-९ का खिमबहादुर विकले बताउनुभयो। उपत्यकाबाट बुकीपाटनसम्म जानआउन रु चार हजारदेखि पाँच हजारसम्म लिने गरेको उहाँको भनाइ छ। घोडा चढेर चौरमा फोटो तथा भिडियो खिचेको रु ५० देखि रु १५० लिने जनाउँदै अहिले ढोरपाटनमा धेरैले घोडा किन्न थालेका उहाँले बताउनुभयो।

"करिब १०-१५ वर्ष अगाडि ढोरपाटनमा घोडा खच्चड नहुने कोही थिएनन्, धेरैले सामान ढुवानी गरेर जीविकोपार्जन गर्थे, टाढाटाढाबाट अप्ठ्यारो बाटोमा घोडा खच्चडले भारी बोकेर ल्याउने/पुर्‍याउने गर्थे", उहाँले भन्नुभयो, "केही वर्ष घोडा खच्चड पालें पनि आम्दानी नभएपछि पाल्न छोडिएको थियो। अहिले दुई-चार जना पर्यटक बोके पनि कमाइ हुन्छ।"

ढोरपाटन पुग्ने पर्यटकले उपत्यकासहित बुकीपाटन, निसेलढोर र जलजलासम्म घोडामा जाने गर्छन्। पहिले ढोरपाटनमा उत्पादन भएको आलु, स्याउ, सिमीलगायत वस्तु बजार पुर्‍याउने र बजारबाट अन्य खाद्यान्न ल्याउने घोडा खच्चडले अहिले पर्यटक बोक्न थालेका घोडा व्यवसायी धनराम विकले बताउनुभयो।



अहिले गाडीमार्फत सामान ढुवानी गरे पनि गाडी नपुग्ने स्थानमा घोडाको प्रयोग हुने विकको भनाइ छ। उहाँका अनुसार पहिले एउटै किसानले दुई दर्जन बढीसम्म घोडा पाल्ने गरे पनि अहिले भने कम पाल्न थालेका छन्।

व्यवसायीले घोडा चढाएबापत बढी शुल्क लिने गरेको गुनासो पनि आउने गरेको छ। घोडामा चढेर एकपटक फोटो खिच्दा रु ३०० तिर्नु परेको ढोरपाटन घुम्न आउनुभएका कुलदीप तामाङले बताउनुभयो। सुरुमा रु १०० भने पनि व्यवसायीले अन्तिममा रु ३०० मागेका उहाँको गुनासो छ। पर्यटकबाट बढी शुल्क असुल्ने व्यवसायीलाई कारबाही गर्नुपर्नेमा तामाङले जोड दिनुभयो।

ढोरपाटनमा पछिल्लो समय दैनिक २०० बढी पर्यटक पुग्ने गरेका छन्। बर्खामा वनफूलसँग रमाउने र हिउँमा हिउँ खेल्न ढोरपाटन आउने पर्यटकको सङ्ख्या बढ्दै गएको हो। ढोरपाटन सिकार आरक्ष कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकामा आव २०८१/८२ मा पर्यटकको सङ्ख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ।रासस

## सहजीकरण प्राधिकरणमार्फत व्यवस्थित गर्न गृहमन्त्रीसमक्ष माग

काठमाण्डु । सङ्घ, संस्थालाई निजामती कर्मचारी रहने विभाग मातहत नराखी नागरिक समाज संस्था सहजीकरण प्राधिकरणमार्फत व्यवस्थित गर्न गृहमन्त्री रमेश लेखकसँग माग गरिएको छ।

दुई दर्जन बढी नागरिक समाजका संघ संस्थाका प्रतिनिधिले मंगलबार गृहमन्त्री लेखकलाई यहाँ मन्त्रालयमा



भेटगरी ज्ञापनपत्रसहित यस्तो माग गरिएको सामुदायिक सारथी संस्थाका ताराबहादुर भण्डारीले जानकारी दिनुभयो। ज्ञापनपत्रमा नागरिक समाज संस्था तल्लो तहसम्म पुग्ने लोकतन्त्रका खम्बा भएकाले यी संस्थालाई नियमन गरिनुपर्ने तर नियन्त्रण गर्न नहुनेमा जोड दिएको उहाँले सुनाउनुभयो।

त्यस अवसरमा गृहमन्त्री लेखकले राष्ट्रिय निर्देशन ऐन र सङ्घ संस्था दर्ता ऐन ज्यादै पुरानो भएको र यसले हालका चुनौतीलाई सामना गर्न नसक्ने भएकाले नयाँ विधेयक प्रस्ताव गरिएको बताउनुभयो।

सङ्घसंस्थाको आम्दानी र खर्चको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गर्दा यस्ता संस्थाको गौरव अझ बढ्ने र अपारदर्शिताको आरोप पनि नलाग्ने भएकाले यस्तो प्रस्ताव गरिएको उहाँले बताउनुभयो। यसबाहेक लोकतान्त्रिक मूल्यमान्यतालाई नियन्त्रण गर्न नखोजिएको गृहमन्त्री लेखकले स्पष्ट पार्नुभयो।रासस

## 'शासकीय सुधारका लागि सरकारबीचको समन्वय थप सुदृढ पार्नुपर्छ'

सुदूरपश्चिम । शासकीय सुधारका लागि तीन तहका सरकारबीचको आपसी समन्वयलाई थप प्रभावकारी बनाउनुपर्नेमा मंगलबार धनगढीमा आयोजित 'शासकीय सुधार संवाद शृङ्खला' कार्यक्रममा जोड दिइएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको उक्त संवाद शृङ्खला कार्यक्रमका वक्ताहरूले शासकीय सुधारका लागि समन्वय र सहकार्यलाई थप बलियो बनाउन सकेमा मात्र त्यसबाट सेवाग्राहीले प्रतिफल पाउने विश्वास व्यक्त गर्नुभयो।

उहाँहरूले तीनै तहलाई दिइएको अधिकारको बाँडफाँटको विषय कतिपय सन्दर्भमा अस्पष्ट देखिने भई अन्योलता देखिने गरेकाले यसलाई थप स्पष्ट पार्नुपर्ने, सेवाग्राहीलाई सन्तुष्टि मिल्नेगरी सेवा प्रवाहको प्रक्रियामा थप सुधार गर्नुपर्ने, सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायमा बेलाबखत देखिने कतिपय कमीकमजोरीलाई समयसापेक्ष ढङ्गलेसुधारगर्दै जानुपर्ने, संवैधानिक आयोगका पदाधिकारी र न्यायधीश नियुक्तिजस्ता विषयमा राजनीतिक आग्रह पूर्वाग्रह नराखी निष्पक्ष ढङ्गले स्वतन्त्र, योग्य एवं सक्षम व्यक्तिलाई नियुक्ति गर्ने व्यवस्था हुनुपर्ने सुझाव पनि दिनुभयो।

प्रशासनिक स्वायत्तताको विषय कतिपय स्थानीय तहमा पेचिलो बन्दै गएकाले यसको सुधारमा पहल गर्नुपर्ने, कतिपय विषयमा स्थानीय तहमा देखिने गरेको बेथितिलाई रोक्न कानुनको शासनले बाँध्ने व्यवस्था गर्नुपर्ने सुझाव समेत वक्ताहरूले दिनुभयो।

कार्यक्रममा सङ्घीयता सवलीकरण गर्न विभिन्न तहका सरकारको भूमिका, कार्य र वित्तीय समस्या, योग्यता, क्षमता र जवाफदेहिता सुनिश्चित गर्न निजामती सेवामा गर्नुपर्ने सुधार, विश्वसनीय बजेट र प्रभावकारी सार्वजनिक खरिदका लागि सार्वजनिक वित्तीय व्यवस्थापनमा गर्नुपर्ने सुधार, भ्रष्टाचार रोकथाम तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै सत्यनिष्ठा प्रणाली सुदृढ गर्ने उपायलगायतका विषयमा सुझाव मागिएको थियो।

सो अवसरमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री हीरा सार्कीले हरेक नागरिकले आफूबाट नै सुधारको लागि तत्परता देखाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले अर्काप्रति औंलो ठड्याउनुभन्दा आफैंले आफूलाई सुधार गरेर अघि बढ्नुपर्ने खाँचो छ।" कार्यक्रममा जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीका चौधरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव भीष्म भुसाल, प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साललगायतले पनि शासकीय सुधारका बारेमा प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधि, विभिन्न कार्यालयका प्रमुखलगायत सहभागी हुनुहुन्थ्यो।रासस




## 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक प्रस्ताव स्वीकृत



काठमाण्डु।प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस् भन्ने प्रस्ताव राष्ट्रियसभाको बहुमतले स्वीकृत गरेको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई सशोधन गर्ने विधेयक, २०८२ माथि विचार गरियोस्' भन्ने प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभएको थियो।

बैठकमा सदस्यहरूले उठाउनुभएको विषयको जवाफ दिनुहुँदै मन्त्री अधिकारीले जग्गा व्यवस्थापनका लागि प्रत्येक वडा, पालिकामा त्यहाँ क्रियाशील सबै दलका प्रतिनिधि रहेको सर्वदलीय समितिले पारित गरेर गरिने भएकाले कुनै बदमासी नगरी सही रूपमा काम हुने प्रतिबद्धता जनाउनुभयो। जग्गा कमाइ आएको छ तर उसका नाममा देशभर कतै जग्गा नभएका अव्यवस्थित बसोबासीलाई त्यही जग्गा दिने, त्यो जग्गामा कुनै पनि खालका जोखिम अन्यत्र व्यवस्थित गरिने मन्त्रीको अधिकारीको प्रतिबद्धता थियो।

बैठकमा सदस्यहरू गोपीबहादुर सार्की अछामी, घनश्याम रिजाल, किरणबाबु श्रेष्ठ, इन्दिरादेवी गौतम, मोहम्मद खालिद, जगप्रसाद शर्मा, नारायणदत्त मिश्र, मदनकुमारी शाही (गरिमा), गोपाल भट्टराई, भुवनबहादुर सुनार, पदमबहादुर परियार, राधेश्याम पासवान, विष्णुकुमारी सापकोटा, पूजा चौधरी, कृष्णप्रसाद अधिकारी, विष्णुबहादुर विश्वकर्मालगायतले प्रस्तावमाथि विचार राख्दै कृषि, उद्यम गर्न राखिएका जग्गालाई प्लटिङ गर्न खोजेको भन्ने विषयलाई प्रष्ट पारिनुपर्नेमा जोड दिनुभएको थियो।

भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबास गरिरहेकालाई बसोबासका लागि जग्गाको व्यवस्था गरिनुपर्ने, केही विवाद भएको विषय अझै मिलाउन बाँकी रहेको, अव्यवस्थित बसोबासी बसेको जमिन सुरक्षित नरहेको, भू-माफिया र दलालका लागि पो यो विधेयक ल्याइएको हो कि भन्ने चर्चा बाहिर भइरहेकाले यसलाई मन्त्रीले प्रष्ट पारिनुपर्नेमा सदस्यहरूले जोड दिनुभएको थियो। विधेयकबाट सरकारी, सार्वजनिक र गुठी जग्गा धेरै अपचलन हुने देखिएकाले पुनर्लेखन गर्नुपर्नेमा पनि केही सदस्यहरूले जोड दिनुभएको थियो।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'सङ्घीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन' राष्ट्रियसभासमक्ष पेस गर्नुभएको थियो।

प्रतिवेदन पेस गर्नुहुँदै उहाँले निजामती कर्मचारीले अवकाश पाएको दुई वर्षसम्म अन्यत्र कतै कामका लागि नियुक्ति नपाउने गरी व्यवस्था गरिएको जानकारी दिनुभयो।रासस

## राष्ट्रियसभाबाट निजामती सेवा विधेयक पारित

काठमाण्डु। बहुप्रतिक्षित सङ्घीय निजामती सेवा विधेयक, २०८० राष्ट्रियसभाबाट पारित भएको छ। सभाको मंगलबारको बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सङ्घीय निजामती सेवा विधेयक, २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव गर्नुभएको थियो।

सभाअध्यक्ष नारायणप्रसाद दाहालले सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो। संवैधानिक व्यवस्थाअनुसारप्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भएको विधेयक राष्ट्रियसभाबाट पारित गर्नुपर्ने मंगलबार अन्तिम समयसीमा रहेको थियो।

मन्त्री न्यौपानेले यसअघि विधायन व्यवस्थापन समितिको प्रतिवदेनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।



उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले विधेयकले सङ्घीयताको मर्मअनुसार कर्मचारीको व्यवस्थापन गर्ने विश्वास व्यक्त गर्नुभयो।

"राष्ट्रियसभाले एउटा इतिहास रचेको छ। सङ्घीयतालाई कार्यान्वयन गर्न आवश्यकपर्ने महत्त्वपूर्ण यस विधेयकमा अत्यन्तै हार्दिकताका साथ सहमति जुटेको छ", मन्त्री न्यौपानेले भन्नुभयो, "सङ्घीयतामा गएको यतिका वर्ष भइसक्यो, तर त्यसको मर्मअनुसार कर्मचारीको व्यवस्थापन हुन सकिरहेको थिएन। अब कर्मचारी व्यवस्थापनमा भइरहेको असहजता र अन्योलताको हल गर्ने परिस्थिति बन्नेछ।"

विधेयकमाथिको छलफलमा भाग लिँदै सांसदहरू गोपीबहादुर सार्की अछामी, गोपाल भट्टराई, राधेश्याम पाश्वान, पद्मबहादुर परियार, विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द, कृष्णबहादुर रोकाय र मायाप्रसाद शर्माले धारणा राख्नुभएको थियो।

सभाको मंगलबारकै पहिलो बैठकमा विधान व्यवस्थापन समिति सभापति तुलसाकुमारी दाहालले उक्त विधेयकसम्बन्धी प्रतिवेदन पेस गर्नुभएको थियो। उहाँले विधेयकले प्रशासनिक सङ्घीयतालाई प्रभावकारी बनाउने बताउनुभएको थियो।

"प्रतिवेदनले निजामती सेवाका कर्मचारीलाई आफ्ना कामप्रति व्यावसायिक, निष्ठावान् र प्रतिबद्ध बनाउँदै नीतिनिर्माण एवं कार्यान्वयनमा स्वार्थको द्वन्द्व नहोस् भनी महत्त्वपूर्ण प्रावधान राखेको छ। खासगरी अवकाश भएको मितिले दुई वर्षसम्म अन्यत्र सेवा गर्न वा कुनै नियुक्ति लिन नपाउने गरी प्रबन्ध गरिएको छ",सभापति दाहालले भन्नुभयो।

विधेयकको व्यवस्थाअनुसार अब ऐन प्रारम्भ भएको वर्ष ५८, दोस्रो आर्थिक वर्षमा ५९ वर्ष र तेस्रो आर्थिक वर्षदेखि ६० वर्षको अनिवार्य अवकाश उमेर हद लागू हुनेछ। अब राष्ट्रियसभाबाट पारित भएको यो विधेयक प्रतिनिधिसभामा जानेछ। प्रतिनिधिसभाले राष्ट्रियसभाले गरेको संशोधन स्वीकार वा अस्वीकार गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने छ। सभाको अर्को बैठक भदौ २३ गते सोमबार अपराह्न १ बजेर १५ मिनेटमा बस्नेछ।रासस

## सीमा विवाद वार्ताबाट समाधान गर्नुपर्छ : अध्यक्ष महतो



मोरङ । राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मित्र राष्ट्र भारतसँगको सीमा विवाद वार्ता एवं संवादबाट समाधान गर्नुपर्ने बताउनुभएको छ।

सो पार्टीको मोरङ कमिटीद्वारा मंगलबार विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले भारतसँगको सुदूरपश्चिमको सीमाको कालापानी, लिपुलेक र लिम्पियाधुरा विवाद वार्ता एवं संवादबाट समाधान गर्न सुझाव दिनुभयो। अध्यक्ष महतोले सरकारले मुलुकमा बसोबास गर्ने सम्पूर्ण जातजातिका भाषा, वेशभूषा, धर्म एवं संस्कृतिको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

मुलुकका दलहरूले जनताको समृद्धिको चाहना पूरा गर्न एकजुट भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । सात प्रदेशको सीमाङ्कन अवैज्ञानिक भएकाले यसमा सुधार आवश्यक रहेको धारणा अध्यक्ष महतोले राख्नुभयो। उहाँले सङ्घीयतामा सुधार गरी आदिवासी जनजाति, मधेसी, थारुलगायतको पहिचान स्थापित गर्नुपर्नेमा जोड दिनुभयो।रासस

## सङ्घसंस्था ऐनको मस्यौदामाथि नागरिक समाजको असहमति, थप छलफलको माग

काठमाण्डु। गृह मन्त्रालयले सार्वजनिक गरेको सङ्घसंस्था ऐन २०८२ को मस्यौदाप्रति नागरिक समाज र सरोकार भएका निकायले गम्भीर असहमति जनाउँदै समावेशी छलफलको माग गरेका छन्।

मंगलबार राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलायन्स) द्वारा आयोजित छलफल कार्यक्रममा मानव अधिकार एलायन्सका अध्यक्ष विदुर सुवेदीले राष्ट्रिय निर्देशन ऐन २०१८, संस्था दर्ता ऐन २०३४ र समाजकल्याण परिषद् ऐन २०४९ लाई एकीकृत गरी ल्याइएको नयाँ मस्यौदाले संविधानमा सुनिश्चित नागरिक स्वतन्त्रता सङ्कुचित गर्ने खतरा रहेको बताउनुभयो।

उहाँले संविधानको धारा १७ मा व्यवस्था गरिएको सङ्गठन निर्माण गर्ने, अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकारलाई मस्यौदाले चुनौतीदिएकोबताउनुभयो।किडार्क नेपालकी अध्यक्ष सम्झना मल्ल शाहले मस्यौदामा सङ्घसंस्थाविरोधी प्रावधान रहेको उल्लेख गर्दै यसलाई संविधान अनुकूल बनाउन व्यापक परामर्श आवश्यक रहेको बताउनुभयो।

नेपाल युवा संस्था सञ्जाल (आयोन) का महासचिव ललित ओझाले मस्यौदाले गैरसरकारी, नागरिक तथा सामुदायिक सङ्गठनको स्वतन्त्र कामकाजमा अवरोध ल्याउने, दर्ता तथा सञ्चालन प्रक्रियामा अनावश्यक प्रशासनिक झन्झट र सरकारप्रतिको निर्भरता बढ्ने अवस्था सिर्जना गर्ने टिप्पणी गर्नुभयो।

गैरसरकारी संस्था महासङ्घका अध्यक्ष अर्जुन भट्टराईले कानुन निर्माणमा हतार र परामर्शहीन प्रवृत्तिले लोकतन्त्र कमजोर हुने भन्दै दीर्घकालीन प्रभावको अध्ययन अनुसन्धान र पर्याप्त छलफल नगरी विधेयक ल्याउने कार्य खतरनाक भएको बताउनुभयो। रासस

## Invitation for Sealed Quotations

# NEPAL RASTRA BANK

### JANAKPUR OFFICE

**Contract Identification No: NRB/JNP/SQ/works/01/2082/83**

**Date of publication: 2082/05/18**

1. Nepal Rastra Bank, Janakpur Office invites sealed quotations for the construction of Toilet. The estimated amount for the works with VAT is Rs.4,68,773.62 (Rupees Four lakh Sixty eight thousand Seven hundred Seventy three and Paisa Sixty two only).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nepal Rastra Bank,Janakpur Office, Contact number: 041-426498, Email:nrbjnp@nrb.org.np
3. A complete set of Bidding Documents may be purchased from Nepal Rastra Bank, Janakpur Office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1,000.00 till 2082/06/01 during office hours.
   **Bank Name:** Nepal Rastra Bank
   **Account Name:** Other Miscellaneous Income Account
   **Account number:** 1600000/030-012-524
4. Sealed bids must be submitted to the Nepal Rastra Bank, Janakpur Office by hand on or before 12:00 Noon on 2082/06/02 . Bids received after this deadline will not be accepted.
5. The bids will be opened in the presence of Bidders' authorized representative who choose to attend at 2:00 PM on 2082/06/02 at the Nepal Rastra Bank , Janakpur Office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to Rs. 12,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2082/06/31 .
6. If the last date of purchasing and/or submission date falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

## साना किसान कृषि सहकारी संस्था लि.

**मटिहानी न.पा.-०२, (धिरापुर) , महोत्तरी**

## भुमिगत सिचाइका लागि स्यालो ट्युवेल तथा इलेकट्रिक पम्प सहितको बोरिङ्का लागि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**सिलबन्दी दरभाउपत्र नं. ०१-२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०५/१८**

यस साना किसान कृषि सहकारी संस्था लि. मटिहानी न.पा.-०२ (महोत्तरी) र GGGI–CSA Project–Challenge Fund को संयुक्त लगानीमा 2" Shallow Tubewell Boring + 1 HP Electric Motor Installation का लागि आवश्यक पर्ने सामग्रिहरु खरिद गर्नु पर्ने भएकाले ईच्छुक सम्बन्धित निकायमा नियामानुसार दर्ता भई सम्बन्धित व्यवसायिक कारोबारका लागि इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्सले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दिन (२०८२/०६/०१) औ दिन भित्र प्रति एकाई मुल्य दरभाउ सहितको (स्पेशिफिकेशन र क्याटलग समेत संलग्न राखि) खामबन्दी दरभाउ पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्दिष्ट स्पेशिफिकेशन बमोजिम रितपूर्वकका प्रक्रिया, कागजात पुगेका प्रस्तावहरु मध्य न्यूनतम कंबोल अंकलाई स्वीकृत दररेटको रुपमा कायम गरिने छ। स्पेशिफिकेशन सहितको BOQ फारम रु.१०००/- तिरी यस कार्यालयमा सम्पर्क गरि प्राप्त गर्न सकिनेछ।

**BOQ Specification can be downloading from this link: Link**

https://drive.google.com/drive/folders/1XP5vpSOEtv-gAbbVXBz35M4dGShRlhp4?usp=sharing

**तपशिलः**

| क्र. सं. | ठेक्का सुचना नं. | कामको बिवरण | लागत अनुमान | सिलबन्दी दरभाउपत्र जमानत | सिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| ०१ | शिलबन्दी / खरिद ०१/२०८२/८३ | भुमिगत सिचाइका लागी २" स्यालो ट्यूवेल तथा १ ज्ए विधुतिय मोटर सहितका जडान | रु.११,९८५२४.०० | रु.२९,९६३.१० | रु.१०००.०० |

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक फाटोकपी कागजातहरूः**

१. दर्ता प्रमाण पत्र
२. स्थायी लेखाको प्रमाणपत्र
३. आ.व. २०८१/८२ को कराचुक्ता प्रमाणपत्र वा गत आबका सहित म्याद थप पत्र
४. क्याटलग
५. कालो सूचीमा नपरेको स्व-घोषणा
६. वोलपत्र खोल्ने मिति २०८२।०६।०५ गते दिनको १ बजे साना किसान कृषि सहकारी संस्था लि. धिरापुर

**नोट**: विस्तृत जानकारीको लागि साना किसान कृषि सहकारी संस्था लि. धिरापुरमा सम्पर्क राख्नु हुन् अनुरोध छ।

**प्रबन्धक**
**नामःहेम चन्द्र यादव**
**मो.नं. ९८४४१३१७४४**

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### जग्गा नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साविक गाविस जोकहा वडा नं.६ हाल ईशनाथ न.पा.-७ मा बस्ने शेख मैनुलको नाती शेख वंसिरको छोराहरु बदरुल हसन र शेख कमरुल हसन समेतले आफ्नो बुबा/काका नाता पर्ने शेख वसिर आलम र सेख मनसिरको संयुक्त नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स.जोकहा बडा नं.७ कित्ता नं.२७५ को ज.वि.०-१-१७,ऐ.ऐ. किता नं.२८६ को ज.वि.०-०-११,ऐ.ऐ. किता नं.२८९ को ज.वि.०-०-३.ऐ.ऐ. कित्ता नं.२९१ को ज.वि.०-१-१.ऐ.ऐ. किता नं.१००८ को ज.वि.०-४-१४.ऐ.ऐ.वार्ड नं.६ किता नं.२२ को ज.वि.०-३-३, ऐ.ऐ. किता नं.७६ को ज.वि.०-१-१५.ऐ.ऐ.किता नं.४०१ को ज.वि.०-१-६, ऐ.ऐ. किता नं.४४१ को ज.वि.०-१-४ र ऐ.ऐ. किता नं.४४३ को ज.वि.५०२ को ज.वि०-०-१६ माँग बमोजिम नामसरी गरी ज.ध.पुर्जा समेत पाउँ भनी द.नं.९२० मिति २०८१/४/२१ को माँग निवेदन भई आएकोमा शेख कमरुदिनको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै ईशनाथ न.पा.-७ को चलानी नं.-८०८ मिति २०८२/०२/१२ सिफारीसमा शेख मेनुलको छोरा सेख सनसिर अविवाहीत अवस्थामा मिति २०६६/०३/२७ मृत्यु भई निजको हकभोग खाने हकदार शेख मैनुलको नाति शेख वसिर आलमको छोराहरु शेख कमरुल हक र बदरुल हसन मात्र रहेकोले भनि सिफारिस भै आएकोले माथि उल्लेखित जग्गाको नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८२/०५/१५ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छा निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम नामसारी भै जाने छा

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | जोकहा | ७ | २७५ | ०-१-१७ | सेख बसिर बालम र शेख मनसिर जोकहा-६ बाबु-शेख मैनुत्त बाजे-शेख फरिव |
| रौतहट | जोकहा | ७ | २८६ | ०००-११ | |
| रौतहट | जोकहा | ७ | २८९ | ०-०-३ | |
| रौतहट | जोकहा | ७ | २९१ | ०-१-१ | |
| रौतहट | जोकहा | ७ | १००८ | ०-४-१४ | |
| रौतहट | जोकहा | ६ | २२ | ०-३-३ | |
| रौतहट | जोकहा | ६ | ७६ | ०-१-१५ | |
| रौतहट | जोकहा | ६ | ४०१ | ०-१-६ | |
| रौतहट | जोकहा | ६ | ४४१ | ०-१-४ | |
| रौतहट | जोकहा | ६ | ४४३ | ०-१-१० | |
| रौतहट | जोकहा | ६ | ५०२ | ०-०-१६ | |

# मदुरोको चेतावनी : भेनेजुएला क्यारेबियनमा अमेरिकी सैन्य उपस्थितिको जवाफ दिन तयार

एपी

कराकास । भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोले सोमबार आफ्नो देश 'अधिकतम तयारी' मा रहेको र संयुक्त राज्य अमेरिकाले क्यारेबियनमा तैनाथ गरेको सेनाबाट आक्रमण भएमा जवाफ दिन तयार रहेको चेतावनी दिनुभएको छ।

पत्रकार सम्मेलनमा उहाँले दिनुभएका भनाइहरू अमेरिकी सरकारले ल्याटिन अमेरिकी ड्रग कार्टेलहरूको गतिविधि नियन्त्रण गर्न भन्दै भेनेजुएलाको पानीमा आफ्नो समुद्री शक्ति विस्तार गर्ने तयारीसँग मेल खान्छन् ।

अमेरिकाले हजारौँ कर्मचारी तैनाथ गरिसके पनि भूमि आक्रमणको सङ्केत भने अहिलेसम्म दिएको छैन । तर, मदुरो सरकारले आफ्नो तट र कोलम्बियासँगको सीमामा सेना पठाएर, साथै नागरिकलाई मिलिसियामा भर्ना हुन आग्रह गर्दै प्रतिक्रिया जनाइसकेको छ।"यस असाधारण सैन्य दबाबको सामना गर्दै हामीले भेनेजुएलाको रक्षाका लागि अधिकतम तयारी घोषणा गरेका छौँ", मदुरोले भन्नुभयो ।

उहाँले यो तैनाथीलाई 'अन्यायपूर्ण, अनैतिक, आपराधिक र रक्तपातपूर्ण खतरा' का रूपमा चित्रण गर्नुभयो ।उहाँले यदि अमेरिकाले आक्रमण गर्‍यो भने संवैधानिक अधिकारअनुसार आफूले 'अमेरिकाविरुद्ध हतियार उठाएको' घोषणा गर्ने बताउनुभयो। यद्यपि उहाँले यसबारे विस्तृत जानकारी भने दिनुभएन।



हाल अमेरिकी नौसेनासँग क्यारेबियन क्षेत्रमा दुई एजिस निर्देशित मिसाइल विध्वंसक - युएसएस ग्रेभली र युएसएस जेसन डनहम - रहेका छन्। साथै युएसएस स्याम्पसन विध्वंसक र युएसएस लेक एरी क्रूजर ल्याटिन अमेरिकी पानीमा तैनाथ छन् । अमेरिकी पक्षले यो सैन्य उपस्थितिलाई अझ विस्तार गर्ने तयारी गरेको छ।

यसै सन्दर्भमा, तीनवटा जल र स्थलबाट आक्रमण गर्ने जहाजहरू यो हप्ताभित्रै उक्त क्षेत्रमा प्रवेश गर्ने एपीलाई एक अमेरिकी रक्षा अधिकारीले नाम नखुलाउने सर्तमा बताएका छन् । यी जहाजमा चार हजारभन्दा बढी नाविक र मरीन समावेश छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना समुदायमा फेन्टानिल र अन्य अवैध ड्रग्सको प्रवाह रोक्न तथा केही अमेरिकी सहरमा भइरहेको हिंसा नियन्त्रण गर्न सेनाको प्रयोग गर्न दबाब दिएका कारण यो तैनाथी गरिएको हो।

सोमबार, भेनेजुएलाका विदेशमन्त्री यवान गिलले संयुक्त राष्ट्रसङ्घको एक रिपोर्ट उद्धृत गर्दै ल्याटिन अमेरिकी समकक्षीहरूसँग अमेरिकी नौसैनिक तैनाथी 'गलत कथा' मा आधारित रहेको बताउनुभयो। उहाँका अनुसार, कोलम्बियामा उत्पादित करिब ८७ प्रतिशत कोकेन प्रशान्त हुँदै पठाइन्छ र जम्मा पाँच मात्र भेनेजुएला हुँदै सार्ने प्रयास हुन्छ । विश्वका शीर्ष कोकेन उत्पादकहरूमा भूपरिवेष्टित बोलिभिया र कोलम्बिया रहेका छन्। यी दुवै मुलुकले जसले प्रशान्त र क्यारेबियन दुवैमा पहुँच राख्छन् ।

"भेनेजुएलामा आक्रमण भनेको वास्तवमै सम्पूर्ण क्षेत्रलाई अस्थिर बनाउने कार्य हुनेछ", गिलले यस कथाले सम्पूर्ण क्षेत्रलाई खतरामा पार्ने दाबी गर्दै भन्नुभयो, "हामी तुरुन्तै यो तैनाथी अन्त्य गर्न माग गर्छौं, जसको उद्देश्य सार्वभौम जनतालाई धम्क्याउनु बाहेक अरू केही होइन।"

सो अवसरमा मदुरोले गत वर्षको राष्ट्रपतीय चुनावमा आफू वैध विजेता भएको दाबी पनि दोहोर्‍याउनुभयो। तर, पर्याप्त प्रमाणहरूले यसको विपरीत देखाएको र यसले अमेरिकासहित धेरै देशलाई उहाँलाई भेनेजुएलाको राष्ट्रपतिको रूपमा मान्यता नदिन प्रेरित गरेको अन्तर्राष्ट्रिय समुदाय बताउँदै आएको छ।

यसैबीच, जनवरीमा तेस्रो कार्यकालका लागि शपथ लिनुभएका मदुरोले आफ्नो सरकारसँग ट्रम्प प्रशासनबीच दुई किसिमको सम्पर्क च्यानल रहेको बताउनुभयो- एक विदेश मन्त्रालयमार्फत र अर्को ट्रम्पका दूत रिचर्ड ग्रेनेलमार्फत। उहाँले अमेरिकी विदेशमन्त्री मार्को रुबियोलाई भेनेजुएलाको सरकारलाई अपदस्थ गर्न दबाब दिने 'मुख्य सरदार' को संज्ञा दिनुभयो।

सन् २०२४ जुलाईको राष्ट्रपति चुनावपछि विपक्षी नेत्री मारिया कोरिना मचाडोले पनि अमेरिकासहित अन्तर्राष्ट्रिय समुदायलाई मदुरोलाई पदबाट हटाउन दबाब दिन आह्वान गर्दै आउनुभएको थियो। उहाँले गत महिना अमेरिकी युद्धपोत तैनाथीलाई 'सही कदम' भन्दै ट्रम्प र रुबियोलाई धन्यवाद दिनुभएको थियो।

तर, मदुरोले सोमबार चेतावनी दिँदै भन्नुभयो, "भेनेजुएलाविरुद्ध अमेरिकी सैन्य कारबाहीले राष्ट्रपति ट्रम्पको हातलाई रगतले दागिनेछ।"उहाँले भन्नुभयो,"राष्ट्रपति डोनाल्ड ट्रम्प, शासन परिवर्तनको नीति असफल भइसकेको छ। अब तपाईंले भेनेजुएलामा परिस्थिति थोपर्ने नाटक गर्न सक्नुहुन्न।"

# म्यान्मामा सन् २०१७ को अत्याचार दोहोरिएको जस्तो अवस्था

एएफपी

जेनेभा । म्यान्माको मानवीय अवस्था दिनप्रतिदिन बिग्रँदै गएको भन्दै संयुक्त राष्ट्रसङ्घले मङ्गलबार गम्भीर चिन्ता व्यक्त गरेको छ।

संस्थाले रोहिङ्ग्या अल्पसङ्ख्यकमाथि सन् २०१७ मा भएको अत्याचारलाई सम्झाउने जस्ता दृश्यहरूको निन्दा गर्दै केही देशले यसलाई नरसंहार नै मानेको बताएका छन् ।म्यान्माको सेनाले रखाइन राज्यलाई नाकाबन्दी गरेको छ । यहाँ सेना हाल बहु-पक्षीय गृहयुद्धमा जातीय लडाकूहरूसँग भिडिरहेको छ । सन् २०२१ को सैन्य कूमा लोकतान्त्रिक सरकार अपदस्थ भएपछि देश गम्भीर सङ्कटमा फसेको हो।

संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कले अराकान सेनाका विद्रोही र अन्य जातीय लडाकूहरूले 'नागरिक जनसङ्ख्यालाई पीडाको अनन्त चक्रमा धकेल्ने उल्लङ्घनलाई लगभग पूर्ण दण्डहीनताका साथ दोहोर्‍याइरहेको' चेतावनी दिनुभयो।"भिडियो र तस्बिरहरूले मृत्यु, विनाश र हताशाको यथार्थ देखाउँछन्, जुन सन् २०१७ मा सेनाले रोहिङ्ग्या अल्पसङ्ख्यकमाथि गरेको अत्याचारका दृश्यहरूसँग ठ्याक्कै मेल खान्छ", उहाँले विज्ञप्तिमा भन्नुभयो।

टर्कले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई स्थितिलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा बुझाउन पुनः आह्वान गर्दै भन्नुभयो, "फेरि उही अवस्था देख्नुपर्दा मलाई गहिरो पीडा भएको छ ।"दशकौँदेखि म्यान्मामा सताइँदै आएका प्रायः मुस्लिम रोहिङ्ग्या समुदायका लाखौँ मानिस सन् २०१७ को सैन्य दमनका क्रममा देश छोड्न बाध्य भएका थिए । यो दमन अहिले संयुक्त राष्ट्रसङ्घको नरसंहार अदालतमा विचाराधीन छ।



## अविवेकी आक्रमण

टर्कको कार्यालयले सन् २०२४ अप्रिलदेखि सन् २०२५ मेसम्मको अवस्थामाथि तयार पारेको प्रतिवेदनमा रखाइनमा भएको द्वन्द्वले लाखौँ मानिस विस्थापित भएको तथ्य उजागर गरिएको छ।संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार तीमध्ये करिब एक लाख ५० हजार मानिस सन् २०२३ को नोभेम्बरदेखि बङ्गलादेशतर्फ भागेका छन्। बङ्गलादेशमा पहिले नै करिब १० लाख रोहिङ्ग्या शरणार्थी बस्दै आएका छन्।

"रोहिङ्ग्या र जातीय रखाइन समुदायका सामान्य नागरिकहरू शत्रुताको प्रत्यक्ष शिकार भएका छन्", टर्कले भन्नुभयो । उहाँले विशेष गरी 'नागरिक र संरक्षित वस्तुहरू विरुद्ध सेनाले अन्धाधुन्ध आक्रमण गर्ने व्यापक र योजनाबद्ध ढाँचा' तर्फ औँल्याउनुभयो ।विश्वसनीय स्रोतलाई उद्धृत गर्दै प्रतिवेदनले समेटेको १४ महिनामा द्वन्द्वका कारण एक हजार आठ सय ११ प्रमाणित नागरिकको मृत्यु भएको उल्लेख छ। तीमध्ये करिब आधा मृत्यु विद्यालयहरूमा गरिएको सेनाको हवाई आक्रमणका कारण भएको थियो।

राज्यमा 'जबरजस्ती विस्थापन, जबरजस्ती भर्ती, बेपत्ता पार्ने, मनमानी गिरफ्तारी, आगजनी र सम्पत्ति विनाश' व्याप्त रहेको प्रतिवेदनले जनाएको छ । साथै, नागरिकहरूले मानवीय सहायता अस्वीकार र बारम्बार गरिने आतङ्ककारी कार्यहरूको सामना गरिरहेको पनि टर्कले उल्लेख गर्नुभयो ।प्रतिवेदनले उत्तरी रखाइनमा अराकान सेनाद्वारा गरिएका हत्या, जबरजस्ती भर्ती र जबरजस्ती विस्थापनलगायतका दुर्व्यवहारसमेत प्रकाश पारेको छ।

यद्यपि, यसले यस वर्षको सुरुदेखि 'रोहिङ्ग्यालाई लक्षित हिंसामा तुलनात्मक कमी आएको' सकारात्मक पक्षसमेत औँल्याएको छ। तर, चलिरहेको सैन्य नाकाबन्दीले आपूर्ति अवरुद्ध हुँदा भोकमरीको गम्भीर सङ्कट झन् चर्किएको छ । टर्कले दुर्व्यवहारका लागि जिम्मेवारलाई जवाफदेही बनाउन र मानवीय सहायता सहज बनाउन अन्तर्राष्ट्रिय प्रयासमा देशहरूलाई एकजुट हुन आग्रह गर्नुभयो।

# जापानको सत्तारूढ दलका महासचिव मोरियामाको राजीनामा प्रस्ताव

एएफपी

टोकियो। जापानको सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का महासचिव हिरोसी मोरियामाले जुलाईमा भएको विनाशकारी माथिल्लो सदनको चुनावी परिणामपछि मङ्गलबार पद त्याग्ने प्रस्ताव गर्नुभएको छ। "म चुनाव परिणामको जिम्मेवारी लिन महासचिवको पदबाट राजीनामा दिन चाहन्छु", मोरियामाले भन्नुभयो।



तल्लो सदनमा अल्पमतको सरकारको स्थिति सिर्जना भएको केही महिनापछि जुलाई २० को चुनावमा एलडिपी नेतृत्वको गठबन्धनले बहुमत गुमाएको थियो। अब मोरियामाको भाग्यबारे अन्तिम निर्णय प्रधानमन्त्री शिगेरु इसिबाले गर्नुहुनेछ। चुनाव परिणामबारे छलफल गर्न बसेको पार्टी बैठकमा मोरियामाले यस्तो टिप्पणी गर्नुभएको हो । इसिबाले भने अझै पार्टीभित्रबाट आएका राजीनामाका मागलाई अस्वीकार गर्दै 'सही समय आउँदा उचित निर्णय गर्नेछु, जिम्मेवारी लिनबाट भाग्दिनँ, तर मेरो पदमा टाँसिरहने सोच पनि छैन' भन्नुभएको छ।

यसबीच, एलडिपीका अन्य दुई शीर्ष अधिकारी–सामान्य परिषद्का अध्यक्ष सुनिची सुजुकी र नीति प्रमुख इतसुनोरी ओनोडेराले पनि इसिबालाई पद छोड्ने सङ्केत गर्नुभएको छ।

केन्द्र-दक्षिणपन्थी एलडिपीले सन् १९५० को दशकदेखि जापानमा लगभग निरन्तर शासन गर्दै आएको छ । करिब एक वर्षअघि मात्र सत्तारूढ जिम्मेवारी सम्हाल्नुभएका इसिबाले हाल मुद्रास्फीति र भ्रष्टाचारसम्बन्धी घोटालाले पार्टीभित्र र बाहिर आलोचनाको सामना गरिरहनुभएको छ।

तर गत हप्ताको जनमत सर्वेक्षणले चुनावपश्चात इसिबाको समर्थनमा सुधार देखाएको छ । दैनिक योमियुरी सिम्बुनले गरेको सर्वेक्षणअनुसार, ५० प्रतिशत उत्तरदाताले इसिबा रहनुपर्छ भनेका छन् भने ४२ प्रतिशतले राजीनामाको पक्षमा विचार व्यक्त गरेका छन्।योमियुरीले इसिबा सरकारले संयुक्त राज्य अमेरिकासँग गरेको व्यापार सम्झौता र चामलको मूल्य नियन्त्रणका लागि चालेका कदमले समर्थन पुनः बढाएको व्याख्या गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चुनावको दुई दिनपछि मात्र जापानसँग 'विशाल' व्यापार सम्झौताको घोषणा गर्नुभएको थियो । सोअनुसार अमेरिकी कर २५ प्रतिशतबाट घटाएर १५ प्रतिशतमा ल्याइएको छ र कार उद्योगमा पनि समान दरमा कटौती गरिएको छ।यस व्यापार सम्झौताले इसिबाप्रति मतदाताको समर्थन जुन महिनामा २९ प्रतिशतबाट बढेर ४२ प्रतिशत पुगेको देखिएको छ। साथै, चामल उत्पादन बढाउनेतर्फ सरकारको नीति परिवर्तनलाई ८६ प्रतिशत जनताले अनुमोदन गरेका छन्।

# इन्डोनेसियामा विरोध प्रदर्शनपछि २० जना बेपत्ता

एएफपी

जकार्ता । इन्डोनेसियामा हिंसात्मक विरोध प्रदर्शनपछि कम्तीमा २० जना बेपत्ता भएका छन् । कानून निर्माताहरूको सुविधाको विषयलाई लिएर प्रहरी विरुद्ध आक्रोश पोख्दै भएको हिंसात्मक विरोध प्रदर्शनपछि उनीहरू बेपत्ता भएको जनाइएको छ।

गत हप्ता दक्षिणपूर्वी एसियाको सबैभन्दा ठूलो अर्थतन्त्रमा भएको विरोध प्रदर्शन अर्धसैनिक प्रहरीले एक युवा डेलिभरी ड्राइभरको हत्या गरेको भिडियो सार्वजनिक भएपछि भड्कएको थियो । यस क्रममा कम्तीमा छ जनाको मृत्यु भएको थियो।

"सेप्टेम्बर १ सम्म २३ जना बेपत्ता भएको रिपोर्ट आएको थियो। खोजी र प्रमाणीकरणपछि २० जनाको अवस्था अझै अज्ञात छ", बेपत्ता र हिंसाका पीडितका लागि आयोग (कन्ट्रास) ले विज्ञप्तिमा उल्लेख गरेको छ। जाभा टापुको बान्दुङ र देपोक सहरका साथै राजधानी क्षेत्रअन्तर्गत मध्य, पूर्वी र उत्तरी जकार्तामा ती व्यक्तिहरू बेपत्ता भएको समूहले जनाएको छ । एक घटना भने 'अज्ञात स्थान' मा भएको बताइएको छ।

राष्ट्रिय प्रहरीले यसबारे एएफपीको प्रश्नमा तत्काल



प्रतिक्रिया जनाएन । तर जकार्ताका मेट्रोपोलिटन प्रहरी प्रमुख एसेप एडी सुहेरीले सोमबार पत्रकार सम्मेलनमा भन्नुभयो, "अगस्ट २५ यता राजधानीमा भएको प्रदर्शनमा एक हजार दुई सय ४० जना पक्राउ परेका छन्।" देशभरका सहरहरूमा फैलिएको असन्तुष्टिपछि राष्ट्रपति प्रबोवो सुबिआन्तो सांसदका सुविधाबारे पुनर्विचार गर्न बाध्य हुनुभएको छ । उहाँ सत्तामा आएपछि यसअघि भएका सबैभन्दा ठूलो विरोध प्रदर्शन यिनै हुन्।

मङ्गलबार संसद् अगाडि महिला समूहहरूको गठबन्धनले थप प्रदर्शन गर्ने तयारी गरिरहेको थियो । यसअघि उनीहरूले सोमबारको प्रदर्शन भने रद्द गरेका थिए ।संयुक्त राष्ट्रसङ्घले पनि प्रदर्शनका क्रममा 'असमान बल प्रयोग' भएको आरोपमा छानबिन गर्न आग्रह गरेको छ । संयुक्त राष्ट्र मानव अधिकार कार्यालयकी प्रवक्ता रविना शामदासानीले भन्नुभयो, "संसदीय भत्ता, मितव्ययिता उपाय र सुरक्षा बलद्वारा भएको बल प्रयोगका घटनालाई लिएर हामीले इन्डोनेसियाको हिंसा गम्भीरतापूर्वक हेरिरहेका छौँ।"

## विश्वविद्यालय नजिकै झडप

सोमबार राजधानी जकार्ताभर सेना परिचालन गरिएको थियो । संसद् बाहिर सयौँ पुनः भेला भएका थिए भने अन्य सहरहरूमा पनि झडप भएको रिपोर्ट आएको छ ।राष्ट्रपति प्रबोवोले अस्पतालमा घाइते प्रहरीलाई भेट्न जाँदा प्रदर्शनकारीहरूको आलोचना गर्दै र्‍यालीहरू साँझभित्रै सकिनुपर्ने बताउनुभएको थियो ।बान्दुङमा प्रदर्शनकारीहरूले प्रान्तीय परिषद् भवनतर्फ मोलोटोभ ककटेल फ्याँकेपछि प्रहरीले 'सन्दिग्ध अराजकतावादीहरू' लाई लक्षित गर्दै अश्रुग्यास प्रहार गरेको थियो।

पश्चिम जाभा प्रहरीका प्रवक्ता हेन्द्रा रोचम्यानले विज्ञप्तिमा भन्नुभयो, "केही प्रदर्शनकारीहरूले बान्दुङ इस्लामिक विश्वविद्यालय परिसरलाई द्वन्द्व भड्काउने केन्द्र बनाउन खोजे।"सामाजिक सञ्जालमा भने प्रहरीमाथि क्याम्पसमा अश्रुग्यास र रबरको गोली प्रहार गरेको आरोप लगाइएको छ। तर हेन्द्राले 'अधिकारीहरूले क्याम्पसबाट दुई सय मिटर दूरी कायम गरेका थिए, क्याम्पसभित्र गोली चलाइएको छैन' भनेर खण्डन गर्नुभएको छ । विश्वविद्यालय प्रशासनले पनि आफ्ना विद्यार्थीहरूले अशान्ति भड्काएको आरोप अस्वीकार गरेको छ।

## देशभर प्रदर्शन

सुमात्राको पालेम्बाङ, बोर्नियोको बानजारमासिन, जाभाको योग्याकार्ता र सुलावेसीको मकास्सरमा सयौँदेखि हजारौँसम्म प्रदर्शनकारी सडकमा उत्रिएका थिए ।सुलावेसीकै गोरोन्टालो सहरमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीले अश्रुग्यास र पानीको फोहोरा प्रयोग गरेको थियो ।थप अशान्तिको आशङ्कामा, टिकटकले शनिबारदेखि 'केही दिनका लागि' इन्डोनेसियामा लाइभ प्रसारण सुविधा निलम्बन गरेको छ । इन्डोनेसियामा टिकटकका प्रयोगकर्ता १० करोडभन्दा बढी रहेका छन्।

# चीन-रुस सम्बन्ध 'अभूतपूर्व स्तरमा' पुगेको छ- पुटिन

एएफपी

बेइजिङ ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मङ्गलबार बेइजिङमा चिनियाँ समकक्षी सी चिनफिङसँग भएको वार्तामा दुवै मुलुकबीचको सम्बन्ध हाल 'अभूतपूर्व स्तरमा' पुगेको बताउनुभएको छ। यो भेटवार्ता चीनमा बुधबार हुने विशाल सैन्य परेडअघि सम्पन्न भएको हो।

उत्तर कोरियाली नेता किम जोङ उनसहितका दर्जनौँ विश्व नेताहरू चीनको शक्ति प्रदर्शनमा सहभागी हुन राजधानी बेइजिङमा भेला भएका छन्। "हाम्रो घनिष्ठ संवादले रुसी-चिनियाँ सम्बन्धको रणनीतिक प्रकृतिलाई स्पष्ट गर्छ, जुन अहिले अभूतपूर्व स्तरमा पुगेको छ", पुटिनले पूल गरिएको लाइभ फिडमार्फत सीलाई भन्नुभयो।

युद्धको समयमा दुवै मुलुकबीच भएको सहकार्यलाई स्वीकार गर्दै पुटिनले भन्नुभयो, "हामी सधैँ सँगै थियौँ र अहिले पनि सँगै छौँ।"सीले यस हप्ताको सुरुआतदेखि कूटनीतिक बैठकहरू आरम्भ गर्नुभएको छ, जसमा उत्तरी सहर तियानजिनमा हुने साङ्घाई सहयोग सङ्गठन (एससिओ) को शिखर सम्मेलनसमेत पर्छ। चीनले यस मञ्चलाई



पश्चिमी प्रभुत्वको विकल्पको रूपमा प्रस्तुत गर्ने गरेको छ।बुधबार हुने सैन्य परेड दोस्रो विश्वयुद्धको अन्त्य भएको ८० वर्षको स्मरणमा आयोजना गरिएको हो। यसमा करिब दुई दर्जन विश्व नेताहरू सहभागी हुनेछन्।

## विश्वव्यापी अशान्ति

सोमबार सम्पन्न शिखर सम्मेलनमा चीन र रुसका नेताहरूले पश्चिमी सरकारहरूको आलोचना गरेका थिए। सीले केही मुलुकहरूको 'बदमाशीपूर्ण व्यवहार' को निन्दा गर्दै अप्रत्यक्ष रूपमा अमेरिकालाई इङ्गित गर्नुभयो भने पुटिनले रुसको युक्रेन आक्रमणलाई औचित्यपूर्ण ठहर गर्दै द्वन्द्व सुरु गराएकोमा पश्चिमलाई दोष दिनुभयो ।"चीन-रुस सम्बन्धले अन्तर्राष्ट्रिय परिवर्तनको परीक्षालाई सफलतापूर्वक सामना गरेको छ", सीले मङ्गलबार पुटिनलाई भन्नुभयो।

उहाँले 'अझ न्यायपूर्ण र सन्तुलित विश्वव्यवस्था निर्माण गर्न' मस्कोसँग सहकार्य गर्न बेइजिङ इच्छुक रहेको बताउनुभयो ।सन् २०२२ को फेब्रुअरीमा पुटिनले युक्रेनमाथि आक्रमणको आदेश दिनुभन्दा केही अघि नै चीन र रुसले 'सीमाविहीन साझेदारी' को घोषणा गरेका थिए। त्यसयता दुवै मुलुकबीच सैन्य तथा व्यापारिक सम्बन्ध अझ प्रगाढ बनेका छन्, जसले पश्चिमी मुलुकहरूलाई चिन्तित पारेको छ।

चीनले रुसको युद्धलाई न त प्रत्यक्ष समर्थन गरेको छ, न त निन्दा नै गरेको छ। उसले आफू तटस्थ रहेको दाबी गर्दै आएको छ र नियमित रूपमा युद्ध अन्त्यको आह्वान गर्ने गरेको छ। तर पश्चिमी देशहरूमाथि चीनले युक्रेनलाई हतियार उपलब्ध गराएर द्वन्द्व लामो बनाएको आरोप लगाउँदै आएको छ ।सी र पुटिनबीच नियमित सम्पर्क हुने गरेको छ । उहाँहरूले गत महिना फोनमा कुराकानी गर्नुभएको थियो, जहाँ चिनियाँ नेताले मस्को र वासिङ्टनबीच सम्बन्ध सुधार भएको देखेर खुशी व्यक्त गर्नुभएको थियो।

# सन् २०२५ मा युरोपेली संघको रक्षा खर्च ३८१ अर्ब युरोमा पुग्ने

एएफपी

ब्रसेल्स। युरोपेली सङ्घ (इयु) को सैन्य खर्च सन् २०२५ मा तीन खर्ब ८१ अर्ब युरोको नयाँ रेकर्डमा पुग्ने अपेक्षा गरिएको छ । रुसलाई रोक्नका लागि सदस्य राष्ट्रहरूले थप बजेट छुट्याएको युरोपेली रक्षा एजेन्सी (इडिए) ले मङ्गलबार जनाएको छ ।नाटोका युरोपेली सदस्यहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबमा व्यापक रूपमा खर्च बढाउने प्रतिबद्धता जनाएपछि यस वर्ष खर्च १० प्रतिशतले बढेको हो।

"युरोपले आफ्ना जनतालाई सुरक्षित राख्न रक्षामा अभूतपूर्व खर्च गरिरहेको छ र यो केवल सुरुआत मात्र हो", इयुका विदेश नीति प्रमुख काजा कल्लासले भन्नुभयो।इडिएका अनुसार यस वर्षको कुल रकममध्ये करिब एक खर्ब ३० अर्ब युरो नयाँ हतियार लगायत लगानीमा खर्च भइरहेको छ। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि युरोपेली मुलुकहरूले रक्षा खर्चमा तीव्र वृद्धि गरेका हुन्।


गत हप्ता युरोपेली आयोगले एक खर्ब ५० अर्ब युरोको इयु ऋण योजना पूर्ण रूपमा सदस्यता लिएको जनाएको थियो । जसले सदस्य राष्ट्रहरूलाई रक्षा खर्च बढाउन सहयोग पुर्‍याउनेछ। सत्ताइस सदस्य राष्ट्रमध्ये १९ ले यस कोषमा आवेदन दिएका छन्। यस सुरक्षित योजनाले देशहरूलाई इयुको केन्द्रीय बजेटको ग्यारेन्टीमा सस्तो ऋण प्राप्त गर्न सहज बनाउँछ ।पश्चिमी सेना र गुप्तचर निकायहरूले युक्रेनमा युद्ध समाप्त भएमा मस्को तीनदेखि पाँच वर्षभित्र कुनै नाटो मुलुकमाथि आक्रमण गर्न सक्षम हुनसक्छ भन्ने चेतावनी दिँदै आएका छन्।

तर लामो समयदेखि युरोपको न्यून रक्षा खर्चप्रति आलोचक रहेका राष्ट्रपति ट्रम्पको यस वर्ष पुनरागमनले युरोपलाई नयाँ चुनौती थपेको छ।अस्थिर भनिएका अमेरिकी नेताले गत जुलाईमा भएको शिखर सम्मेलनमा नाटो सहयोगीहरूलाई आफ्ना कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को पाँच प्रतिशत सुरक्षा खर्चमा छुट्याउने प्रतिबद्धता गराउन बाध्य पार्नुभएको थियो।

यो हेडलाइन लक्ष्यअन्तर्गत कोर रक्षा खर्च तीन दशमलव पाँच प्रतिशत र पूर्वाधार तथा साइबर सुरक्षा जस्ता क्षेत्रहरूमा एक दशमलव पाँच प्रतिशत छुट्याउने व्यवस्था गरिएको छ ।"जिडिपीको तीन दशमलव पाँच प्रतिशतको नयाँ नाटो लक्ष्य पूरा गर्न अझ बढी प्रयास आवश्यक छ, जसका लागि एक वर्षमै कुल छ खर्ब ३० अर्ब युरोभन्दा बढी खर्च हुने अनुमान गरिएको छ", इडिए प्रमुख आन्द्रे डेन्कले भन्नुभयो।

# महिलाको सीपलाई बजारसँग जोड्दै 'वुमन इन्टरप्रेनर्स ग्यालरी'

विराटनगर । विराटनगरको सहिद रङ्गशाला नजिक सानो घर जहाँ भीडभाड भइरहन्छ । घरको भुइँतलाको कोठामा कोशी प्रदेशका महिला उद्यमीहरूले आफ्नो सीप प्रयोग गरेर बनाएका विभिन्न सामग्री कलात्मक ढङ्गले सजाएर राखिएका छन् । उक्त कोठामा त्यस्ता सामग्रीमात्र होइन, महिलाको सङ्घर्ष, सिर्जनशीलता र उद्यमशीलताको कथासमेत सजिएको महसुस हुन्छ । त्यो हो- 'वुमन इन्टरप्रेनर्स ग्यालरी' जुन महिला उद्यमी सङ्घ नेपाल मोरङ च्याप्टरले २०८० साल भदौदेखि सञ्चालनमा ल्याएको हो । छोटो समयमै यस ग्यालरीले महिलाको हातको सीपलाई बजारसँग जोड्दै आर्थिक सशक्तीकरण र पर्यटन प्रवर्द्धनमा नयाँ आयाम खोलिदिएको छ ।




सङ्घकी मोरङ च्याप्टर कोशी प्रदेश अध्यक्ष कृति श्रेष्ठ उपाध्यायलाई सुरुमा लाग्यो 'महिला उद्यमीका उत्पादनहरू मेलामात्र कुर्दा अवसर सीमित हुन्छ । निरन्तर प्रदर्शन गर्ने 'प्लेटफर्म' आवश्यक छ' , यही सोचलाई मूर्तरुप दिने क्रममा ग्यालरी स्थापना भयो ।

उक्त ग्यालरीमा प्रवेश गर्दा हस्तकला, 'पुनः प्रयोग' गरिएका सामग्री, घरेलु उत्पादन, सजावटी सामानदेखि स्थानीय स्वाद बोकेका खानेकुरासम्म विविधता भेटिन्छन् । सुरुमा मोरङकै सदस्य उद्यमीका सामग्री सोकेसमा राखेर सुरु गरिएको उक्त ग्यालरीमा अहिले कोशी प्रदेशका अन्य जिल्ला र अन्य प्रदेशका महिलाका उत्पादनले पनि यहाँ स्थान पाउन थालेका छन् । यसरी ग्यालरीले 'एक्सचेन्ज र मार्केटिङ'लाई नयाँ ढङ्गले व्याख्या गरिरहेको छ ।

उक्त ग्यालरीमा मोरङका मात्र नभई कोशी टप्पु क्षेत्र, बाँके पश्चिमाञ्चल, भक्तपुर, काठमाडौँ, धनकुटालगायत विभिन्न स्थानका महिला उद्यमीले उत्पादन गरेका वस्तु प्रदर्शनीमा राखिएका छन् । ग्यालरीमा ४० देखि ५० प्रकारका उत्पादन राखिएका छन् । तीमध्ये धेरैजसो उत्पादन मोरङमै उपलब्ध कच्चा पदार्थ प्रयोग गरेर बनेका छन् । ग्यालरीको उद्देश्य प्रत्यक्ष बिक्रीमा मात्र केन्द्रित नभई उत्पादनलाई 'सोकेस' गर्दै प्रवर्द्धन गर्ने हो । मागअनुसार वस्तु बिक्री हुने र 'माग' लिएर वितरण गर्ने व्यवस्थासमेत गरिएको सङ्घले जनाएको छ ।

"ग्यालरी केवल 'डिस्प्ले हल' होइन, उद्यमीका लागि आर्थिक अवसरको खिड्की पनि हो", मोरड च्याप्टर अध्यक्ष उपाध्याय भन्नुहुन्छ, "यहाँ उत्पादन राख्नेदेखि प्रत्यक्ष बिक्री, अर्डर लिनेसम्मको सुविधा छ । सुरुमा उद्यमी आफैँ सामान ल्याएर राख्थे, अहिले सङ्घले उनीहरूको उत्पादन खरिद गरेर राख्ने अभ्यास सुरु गरेको छ । यसले उद्यमीलाई समयमै भुक्तानी हुने र वित्तीय आत्मविश्वास बढ्ने अवसर दिएको छ ।"

उद्यमशीलता भनेको पसल खोलेर बस्न सक्नेहरूको मात्र कुरा होइन विद्यार्थी, स्टार्टअपदेखि सानाठूला उद्यमी सबैलाई हामीले यहाँ स्थान दिएको उहाँ बताउनुहुन्छ ।

विराटनगर आउने आन्तरिक तथा भारतीय पर्यटकका लागि यो ग्यालरी कोसेली किन्ने नयाँ ठेगाना बन्दै गएको छ । पर्यटकले यहाँबाट सानो हस्तकला, 'रिसाइकल प्रोडक्ट' वा परम्परागत शैलीका सामग्री किनेर लैजाने क्रम बढ्दो छ । यसले स्थानीय उत्पादनलाई नयाँ बजार त दिएको छ नै, पर्यटनलाई पनि अझ आकर्षक बनाएको छ । साथै, विद्यार्थी र अनुसन्धानकर्ताका लागि पनि ग्यालरी 'लाइभ केस स्टडी' बनेको छ, जहाँ उनीहरूले 'सस्टेनेबल' उत्पादन र महिलाको उद्यमशीलताबारे प्रत्यक्ष सिकाइ पाउँछन् ।

विशेष प्राथमिकता भने ग्यालरीले सस्टेनेबल र वातावरणमैत्री उत्पादनलाई दिएको छ । रिसाइकल सामग्री, स्थानीय स्रोतमा आधारित उत्पादन र वातावरणमैत्री वस्तु यहाँ सजिलै भेटिन्छन् । यसले महिला उद्यमशीलतालाई मात्र होइन, हरित अर्थतन्त्र र जलवायु प्रतिरोधी विकासलाई समेत सम्बोधन गर्ने प्रयास गरेको छ । अध्यक्ष श्रेष्ठ सङ्घले ग्यालरीलाई राष्ट्रियस्तरसम्म विस्तार गर्ने योजना रहेको बताउनुहुन्छ ।

यो ग्यालरीलाई पर्यटन बोर्ड, हस्तकला महासङ्घ र अन्य संस्थासँग सहकार्य गरेर यसलाई देशभर परिचित बनाउने योजना छ अध्यक्ष श्रेष्ठ भन्नुहुन्छ, "यो पूर्वाञ्चलको पहिलो नमूना ग्यालरी हो, यसले महिला उद्यमीलाई मात्र होइन, सम्पूर्ण उद्यमशीलता क्षेत्रलाई सबल बनाउनेछ ।"

केवल दुई वर्षको अवधिमा ग्यालरीले महिला उद्यमशीलता, कला, पर्यटन र शिक्षालाई एकै 'प्लेटफर्म'मा जोड्न सफल भएको महिला उद्यमीहरू बताउँछन् ।रासस

## पेट्रोलियम अन्वेषण :

# नमूनाको विस्तृत प्रतिवेदनका पर्खाइमा



जलजले । पेट्रोलियम अन्वेषणका क्रममा चिनियाँ र नेपाली प्राविधिकको निकै चहलपहल रहेको दैलेखको भैरवी गाउँपालिका-१ को जलजले क्षेत्र आजकल सुनसान छ । पेट्रोलियम ड्रिलिङ गरिएको क्षेत्रलाई सशस्त्र प्रहरी बल नेपालले सुरक्षा दिइरहेका छन् । दैलेखमा पेट्रोलियम पदार्थको ठूलो भण्डारण पुष्टि भएको खबरबाट सिङ्गो मुलुक उत्साहित छ ।

खानी तथा भूगर्भ विभागको नेतृत्वमा चीनको जिओलोजिकल सर्भे कम्पनीले थालेको अन्वेषणबाट जलजले क्षेत्रमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासको विशाल भण्डारणस्थल रहेको पुष्टि भइसकेको छ । विसं २०७८ वैशाख २८ गतेदेखि सुरु गरिएको पहिलो ड्रिलिङ कार्य चार हजार १३ मिटर गहिराइमा पुर्याइएको थियो । यसबाट सङ्कलन गरिएका नमूनाको परीक्षणमा एक अर्ब १२ करोड घनमिटर मिथेन ग्यासको भण्डारण रहेको पाइएको छ ।

यो जम्मा चारवटा सम्भावित कुवामध्ये पहिलो कुवाको मात्र प्रारम्भिक नतिजा हो । बाँकी तीन कुवाको प्रारम्भिक अनुमानअनुसार जलजले क्षेत्रमै कुल चार सय ३० अर्ब घनमिटर ग्यास हुने प्रक्षेपण गरिएको छ । यसले करिब ५० वर्षसम्म नेपालको ग्यास आवश्यकतालाई पूरा गर्न सक्ने सम्भावना देखिएको छ ।

नेपालमै यति ठूलो पेट्रोलियम भण्डारण भेटिएपछि त्यसको उत्खनन र व्यावसायिक उत्पादनको काम कहाँ पुगेको छ भनेर सर्वत्र चासो व्यक्त भइरहेको छ । पेट्रोलियम अन्वेषण परियोजनाका सूचना अधिकारी एवं भूगर्भविद् प्रकाश लुइँटेल पेट्रोलियम नमूनाको विस्तृत प्रतिवेदनको पर्खाइमा नेपाल रहेको बताउनुहुन्छ । चिनियाँ टोलीले अहिले नमूनाको विश्लेषण र अन्तिम प्रतिवेदनको तयारी गरिरहेको छ ।

सन् २०२५ को डिसेम्बरसम्म पेट्रोलियम अन्वेषणको अन्तिम प्रतिवेदन प्राप्त हुने उहाँको भनाइ छ । अन्तिम प्रतिवेदनबाट पेट्रोलियम पदार्थको परिणामसहित विभिन्न तथ्य तथ्याङ्क प्राप्त हुनेछ । "जियोफिजिकल र जियोलोजिकल अध्ययनको विस्तृत तथ्याङ्कसहित अन्तिम प्रतिवेदनको पर्खाइमा छौँ", विभागका भूगर्भविद् लुइँटेलले भन्नुभयो, "अन्तिम प्रतिवेदन प्राप्त भएपछि मात्रै अन्य काम अघि बढ्छ ।"

सरकारले पनि उक्त स्थानमा पेट्रोलियम अन्वेषणको कामलाई तीव्रगतिमा अघि बढाउने दृढता व्यक्त गरिसकेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पनि उक्त पेट्रोलियम परियोजनाबाट व्यावसायिक उत्पादन प्रक्रिया अघि बढाउन निर्देशन दिइसक्नुभएको छ ।

सरकारले पेट्रोलियम पदार्थको व्यावसायिक उत्पादनको सम्भाव्यता अध्ययन र पूर्वतयारी गर्न नेपाल आयल निगमका निर्देशक विनितमणी उपाध्यायको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको मन्त्रिस्तरीय निर्णयबाट गठित समितिमा खानी तथा भूगर्भ विभागका सिनियर डिभिजनल जिओलोजिष्ट धर्मराज खड्का, परियोजनाका मनिष कर्ण र निगमका सहायक प्रबन्धक दिप्ती पौडेल रहनुभएको छ ।

निगमकै पहलमा मन्त्रालयले उक्त समिति निर्माण गरेको हो । निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्ट प्राकृतिक ग्यासको सदुपयोगको सम्भाव्यताबारे उक्त समितिले अध्ययन गर्ने बताउनुहुन्छ । "जलजले क्षेत्रमा देखिएको ग्यास कुनकुन प्रयोजनमा प्रयोग गर्न सकिन्छ, त्यसलाई सदुपयोग कसरी गर्ने भन्नेलगायत विषयमा समितिले अध्ययन गरिरहेको छ", उहाँले भन्नुभयो । निगम अध्ययन प्रतिवेदनका आधारमा सरकारले दिने निर्देशनको पर्खाइमा छ ।

समितिले पेट्रोलियम अन्वेषण क्षेत्रको स्थलगत अवलोकन सम्पन्न गरिसकेको छ । "मन्त्रालयले दिएको क्षेत्राधिकारभित्र रहेर समितिले अध्ययन थालेको छ, 'साइट भिजिट'का सिलसिलामा समितिका सम्पूर्ण सदस्य दैलेख पुगेका हौँ", समिति संयोजक उपाध्यायले राससँग भन्नुभयो । समितिले दैलेखसँगै सुर्खेतमा रासायनिक मल कारखाना स्थापनाको सम्भावनाबारे पनि अध्ययन गरेको छ ।

"कतिपय विषय पूर्ण प्राविधिक भएका कारणले पनि धेरै कुरा पछि थाहा हुनेछ", उहाँले भन्नुभयो, "तर प्रारम्भिक रूपमा हामीलाई दिएको जिम्मेवारीको सिलसिलामा केके गर्न सकिन्छ भनेर अध्ययन गर्दैछौँ ।" समितिले प्राकृतिक ग्यासको व्यावसायिक उत्पादनको सम्भाव्यताबारे पेट्रोलियम विज्ञ, अध्येतालगायतसँग पनि छलफल गर्ने तयारी गरेको छ । समितिलाई ग्यासको सदुपयोग, व्यावसायिक उत्पादन, आवश्यक पूर्वाधारको आवश्यकता र लागतलगायत बारेमा अध्ययन गर्ने जिम्मेवारी दिइएको छ ।

नेपाल र चीनबीच सन् २०१९ मा भएको सरकार-सरकारबीचको सम्झौतापछि पेट्रोलियम अन्वेषणको काम सुरु भएको थियो । जलजले क्षेत्रमा ४५ रोपनी जग्गा अन्वेषण प्रयोजनका लागि छुट्याएर परियोजना सञ्चालन गरिएको हो । यो नेपालमा अहिलेसम्मकै सबैभन्दा गहिरो र वैज्ञानिक रूपमा सम्पन्न गरिएको अन्वेषण परियोजना हो ।

स्थानीयका लागि जमिनबाट आफैँ बल्ने ग्यास र तेलजस्तै पदार्थ चुहिने विषय नौलो भने होइन । दैलेखका विभिन्न स्थानमा पेट्रोलियम पदार्थ रहेको अनुमान पहिलेदेखि नै भए पनि वैज्ञानिक रूपमा यसको पुष्टि गर्न २०३६ सालदेखि प्रयास हुँदै आएको हो । विसं २०७२ मा भारतीय अघोषित नाकाबन्दीले मुलुकभर इन्धन सङ्कट भएपछि सरकारले स्वदेशकै ऊर्जा स्रोतको उत्खननको प्रक्रिया अघि बढाएको हो ।

विसं २०७५ माघमा नेपाल-चीनबीच पेट्रोलियम अन्वेषणका लागि सम्झौता भएको थियो । प्रारम्भिक अन्वेषणमा नेपाली तथा चिनियाँ प्राविधिकले दैलेखको शिरस्थान र नाभिस्थान क्षेत्रमा निरन्तर बगिरहेको ग्यास पेट्रोलियम पदार्थ नै भएको पुष्टि गरेका थिए । दैलेखका छसात ठाउँमा पेट्रोल तथा ग्यास खानी रहेको प्राविधिकहरूको अनुमान छ ।

धेरै पहिला गरिएको सर्भेबाट पनि यहाँ पेट्रोलियम पदार्थ वा ग्यास हुनसक्ने सम्भावना पाइएको थियो । अहिलेको परियोजना चीनको पूर्ण अनुदानमा सञ्चालित नमूना (पाइलट) परियोजना हो । यो चिनियाँ सरकारको जियोलोजिकल सर्भेको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित छ । त्यसको प्रारम्भिक लागत अनुमानित रु दुई अर्ब ५० करोड रहेको थियो । कोभिड-१९ महामारीलगायत विविध कारणले कार्यान्वयनमा ढिलाइ हुँदा लागत पनि बढेको थियो ।

खानी तथा भूगर्भ विभागले 'पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना' स्थापना गरी जग्गा अधिग्रहण, सडक र विद्युत् पहुँच विस्तार तथा प्रशासनिक समन्वयको काम सहजीकरण गरेको थियो । पेट्रोलियम अन्वेषणको प्रक्रियामा स्थानीय जनप्रतिनिधि, प्रशासनिक संयन्त्र र आमनागरिकको पूर्ण सहयोग र समर्थन रहेको थियो ।

परियोजनाले सफलता पाउँदै गएपछि दैलेखवासी मात्र नभई सिङ्गो मुलुक नै उत्साहित बनेको छ । उत्खनन, प्रशोधन, आपूर्ति शृङ्खला तथा प्राविधिक काममा संलग्न जनशक्तिका कारण स्थानीयस्तरमा रोजगारीको अवसर वृद्धि हुने र उद्योगमैत्री वातावरण बन्ने अपेक्षा गरिएको छ ।रासस

# रुख कटान आदेश नहुँदा प्रसारण लाइन निर्माणमा ढिलाइ

म्याग्दी । डिभिजन वन कार्यालय म्याग्दीले रुख कटान आदेश नदिँदा डाँडाखेत-राहुघाट प्रसारणलाइन आयोजनाको निर्माणमा ढिलाइ भएको छ । नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको हालसम्म ८० प्रतिशत भौतिक प्रगति भएको छ ।



सन् २०२५ को नोभेम्बर १६ सम्म काम सक्नेगरी ठेक्का सम्झौता भएको थियो । प्रसारण लाइनको 'राइट अफ वे' र टावर रहने २५ दशमलव ६२ हेक्टर सामुदायिक र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्नका लागि विसं २०८० फागुन ६ गतेको मन्त्रिपरिषद् बैठकले स्वीकृति प्रदान गरेको थियो । आयोजना निर्माणस्थलमा तीन हजार ९३६ वटा रुख छन् । पाँच सय चार रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनका लागि पहिलो किस्ताबापतको रकमसमेत उपलब्ध गराइएको बताउँदै आयोजना प्रमुख रोशन अग्रवालले बताउँदै डिभिजन वन कार्यालयले रुख कटान आदेश दिन ढिलाइ गरेकाले समस्या भएको उल्लेख गर्नुभयो ।

"आयोजनाको तर्फबाट एक वर्षअघिनै जग्गा खरिद गरेर वनलाई सोधभर्ना गरेका थियौँ । बिरुवा हुर्काउने पहिलो किस्ताबापतको बजेट पनि पाँच महिनाअघि दिएका थियौँ", उहाँले भन्नुभयो, "वनले कटान आदेश दिन ढिलाइ गर्नु, भौगोलिक समस्या र राहुघाट सबस्टेसनमा थप काम गर्नुपर्ने भएकाले आयोजनाको म्याद थप गर्नुपर्ने अवस्था आएको हो ।"

प्रमुख अग्रवालका अनुसार आगामी २०२६ अप्रिलभित्र आयोजना सम्पन्न गर्ने नयाँ समय तालिका ठेकेदारले पेस गरेको छ । "मालिका गाउँपालिका-७ डाँडाखेतबाट रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटरमा १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाँउमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एण्ड टुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । पहिलो पटकको म्याद गत जुलाई १६ मा सकिएको हो", उहाँले भन्नुभयो ।

एक सय ३२ केभी क्षमताको डबलसर्किट प्रसारण लाइनअन्तर्गत हालसम्म ५९ टावरको जग राखिएकामा ४५ वटाको काम सकिएको प्रमुख अग्रवालले जानकारी दिनुभयो । रुख काट्नुपर्ने चार वटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ । प्रसारण लाइन र सबस्टेसनको ८५ प्रतिशत उपकरण आयात भइसकेको छ ।

आयोजना प्रमुख अग्रवालले ५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सबस्टेसनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान थालिएको जानकारी दिनुभयो । उहाँका अनुसार २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेसनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउने काम थालिएको छ । अम्वाङमा सबस्टेसन बनाउन छ वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । राहुघाट, म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय लाइनमा जोड्ने उद्देश्यले डाँडाखेतमा सबस्टेसन निर्माण गर्न लागिएको उहाँको भनाइ छ ।

जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख विष्णु अधिकारीले जनशक्तिको कमीका कारण स्थलगत अध्ययन, प्रतिवेदन तयार र कटान आदेशको निर्णय गर्न ढिलाइ भएको बताउनुभयो । "असारसम्म कार्यालयको नियमित काममा व्यस्त हुनुपर्‍यो, पाँच वटा सबडिभिजनका तीन जना वन अधिकृतको नेतृत्वमा प्रतिवेदन तयार पार्ने काम अन्तिम चरणमा पुगेको छ", उहाँले भन्नुभयो, "सबडिभिजनबाट प्रतिवेदन पाउने बित्तिकै माथिल्लो निकायबाट स्वीकृति गराएर कटान आदेश दिने छौँ ।"

सङ्घीय सरकारको ऊर्जा जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले प्रसारण लाइनका लागि रुख कटान आदेश शीघ्र दिन डिभिजन वन कार्यालयलाई ताकेता गरिएको बताउनुभयो ।

गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले जलविद्युत् आयोजना, सबस्टेसन र प्रसारण लाइन निर्माणमा वन डिभिजनको ढिलासुस्तीसम्बन्धी जानकारी हुनुपर्ने विषय प्रदेशसभा बैठकमा उठाउनुभएको थियो । कुल रु चार अर्ब ८७ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैंकको ऋण लगानी रहेको आयोजना प्रमुख अग्रवालले जानकारी दिनुभयो ।

रघुगङ्गा गाउँपालिका-३, बेनी नगरपालिका-९ र १०, मङ्गला गाउँपालिका-१, मालिका-६ र ७ मा प्रसारण लाइनको टावर निर्माणस्थल हुन् । टावर रहने निजी जग्गाधनीलाई रु एक करोड ५० लाख मुआब्जा वितरण गर्नुका साथै वन क्षेत्र प्रयोग गरेबापत रु चार करोड ५० लाखमा जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराइएको आयोजनाका प्रशासकीय अधिकृत मातृका तिमल्सिनाले जानकारी दिनुभयो ।म्याग्दी नदीमा १७२ दशमलव आठ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् ।रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बर्दिवास, महोत्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/०५/१८ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक )**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय बर्दिवास, महोत्तरीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/०६/२९ गते बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय बर्दिवास, महोत्तरीमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३/०५/१४ मा दर्ता नं. १५४८९५/०७३/०७४ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, जनकपुरबाट मिति २०७३/०५/१४ (मु.अ.कर मिति २०७३/०६/०७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४३१५५५७ को प्रमाणपत्र प्राप्त **गौशाला कन्स्ट्रक्सन प्रा.लि.** । **रजिष्टर्ड ठेगाना :** महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ४ (साविक गौशाला न.पा. वडा नं. ६) ।

| **संचालक तथा जमानतकर्ता : अजित चौधरी** | **जमानतकर्ता : शिशम कुमारी सिंह** |
|---|---|
| (ना.प्र.नं. ८६४४३१६५ जारी मिति २०६१/०२/३१ जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं ४ (साबिक गौशाला न.पा. वडा नं. ३) ।<br>बाबु : राम लखन चौधरी ।<br>बाजे : सुब्बा लाल चौधरी । | (ना.प्र.प.नं. १७११०२/१९५५ जारी मिति २०६६/०८/१० जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४ ।<br>हालको ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं ४ ।<br>बाबु : बासुदेव सिंह थारु ।<br>पति : अजित चौधरी । ससुरा : राम लखन चौधरी । |

**लिलाम विक्री हुने सम्पत्ति (सवारी साधन)को विवरण :**

१. धनी प्रभु बैंक लि. ऋणी **गौशाला कन्स्ट्रक्सन प्रा.लि.** भई प्रदेश सरकार, प्रदेश नं. २ भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, बिरगंजमा दर्ता भएको, ईन्जिन नं. A1498J8, च्यासिस नं. THEDA0L0C00000573, मोडेल : JSB-BHL, बनाउने कम्पनी TATA Hitachi कम्पनीको सवारी नं. ना १ क ९६४८ को नीजि Excavator थान........................................१ ।

**नोट :** धितो वापत यस बैंकको नाममा रहेको निम्न सवारी साधन यस बैकलाई वुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

१. धनी प्रभु बैंक लि. ऋणी **गौशाला कन्स्ट्रक्सन प्रा.लि.** भई प्रदेश सरकार, प्रदेश नं. २ भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, जनकपुरधाममा दर्ता भएको, ईन्जिन नं. H00211082, च्यासिस नं. HAR3DXSUT02718183, मोडेल : JSB-BHL, बनाउने कम्पनी JCB India कम्पनीको सवारी नं. प्रदेश २ ०२ ००१ क ००९५ को नीजि Backhoe Loader थान........................१ ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, बर्दिवास, महोत्तरी**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# एसपी सन्तोष हेडक्वार्टरमा तानिए

**टुडे समाचारदाता**

जनकपुरधाम । सशस्त्र प्रहरीका एक एसपी हेडक्वार्टर तानिएका छन् । रौतहटमा कार्यरत एसपी सन्तोष बस्नेतलाई सशस्त्र प्रहरी बल नेपालको हेडक्वार्टरमा तानिएको छ। उनको ठाउँमा अर्का एसपी रामहरि अधिकारीलाई खटाइएको छ ।




गत साउन २९ गते चिनीको गोदाममा प्रहरीले छापा मारेको थियो। त्यहाँ अवैध रुपमा लुकाइएको चिनिका ७०० बोरा बरामद गरिएको थियो । तर, १०० बोरामात्रै देखाएर ६०० बोरा गायब गरेको आरोप एसपी बस्नेतमाथि छ ।

यसअघि एपीएफ हेडक्वार्टरले सीमा भन्सारमा राजस्व संकलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि उनै एसपी बस्नेतसहित १६ जनाको जिम्मेवारी खोसिएको थियो ।

सशस्त्रका इकाइहरूमा कमान्डरको रुपमा खटाइएका सशस्त्र प्रहरी अधिकृतहरूको राजश्व संकलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि एकैपटक एसपी सहित १६ जना अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ ।

प्रधान कार्यालयले आइतबार १ एसपी , १ डीएसपी , ७ इन्सपेक्टर , ६ सई र १ असई गरी १६ जनालाई कमान्डको जिम्मेवारीबाट हटाएको जानकारी दिएको थियो ।

त्यस्तै बारा जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट कबहीगोठका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढा, बीओपी भिटकैया बाराका सशस्त्र प्रहरी नायव निरीक्षक केदारबहादुर परियार, फरवार्ड सुरक्षा बेस बलिरामपुरका सशस्त्र प्रहरी नायव निरीक्षक हरिप्रसाद लम्साल, फरवार्ड सुरक्षा बेस छतवा बाराका सशस्त्र प्रहरी नायव निरीक्षक गणेश गिरी र भरखोर पोस्ट बाराका सशस्त्र प्रहरी सहायक निरीक्षक शिव शंकरप्रसाद चौधरीलाई जिम्मेवारीबाटहटाइएकोजानकारी हेडक्वार्टरले यसअघि नै दिएको थियो ।

त्यस्तै पर्सा जिल्लास्थित बोर्डर आउट पोस्ट प्रसौनी भाठ्ठाका सशस्त्र प्रहरी निरीक्षक सन्जीव बानीया क्षेत्री, बीओपी दक्षिण भिटकैयाका सशस्त्र प्रहरी निरीक्षक नरेश सुवाल बाटा, सुरक्षा बेस बहुअर्वाभाठाका सशस्त्र प्रहरी नायव निरीक्षक भीमबहादुर क्षेत्री र फरवार्ड सुरक्षा बेस जयमंगलापुरका सशस्त्र प्रहरी नायव निरीक्षक भक्कुप्रसाद ओलीलाई पनि जिम्मेवारीबाट हटाइएको छ।

यसैगरी पश्चिम नवलपरासी जिल्लास्थित बोर्डर आउट पोस्ट भुजहवाका सशस्त्र प्रहरी निरीक्षक रुपक नापीत र कैलाली जिल्लास्थित प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुका सशस्त्र प्रहरी नायब उपरीक्षक नवीन चन्द, बोर्डर आउट पोस्ट कुसुमघाटका सशस्त्र प्रहरी निरीक्षक रामशरण विष्ट, बीओपी फूलबारीका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्र बहादुर चन्द, बीओपी लल्लिपुरका सशस्त्र प्रहरी नायब निरीक्षक मोहन राम मोहर र कञ्चनपुर जिल्लास्थित बोर्डर आउट पोस्ट डोकेबजारका सशस्त्र प्रहरी निरीक्षक सूर्य प्रकाश पन्तलाई समेत जिम्मेवारीबाट हटाइएको छ।

सीमा इलाकामा कार्यरत कमान्डरहरूलाई मुख्यालयबाट समेत सुक्ष्म रुपमा निगरानी बढाइएको छ। सन्तोषजनक काम नगर्ने गणपतिसहितका दर्जनौं अधिकृतहरू यसअघि पनि समय नपुग्दै जिम्मेवारीबाट हटाइएका र कारबाहीमा समेत परेका छन् ।

मुख्यालयले अन्य प्रदेशमा समेत सुक्ष्मरुपमा निगरानी बढाएको छ। गण, गुल्म तथा बीओपी कमाण्डमा रहेका केही अधिकृतमाथि पनि निगरानी बढाइएको जनाएको छ।

# दलित सशक्तीकरण ऐन परिमार्जन आवश्यक

"दलितको प्रतिनिधित्व हरेक पार्टीमा छ, हरेक पार्टीको तर्फबाट दलित नेता सांसद पनि छन् , तर उनीहरु किन काम गरिहेको छैन आफ्नो समुदायका लागि ?"

**टुडे समाचारदाता**

जनकपुरधाम । जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले मधेश प्रदेशमा दलित सशक्तीकरण ऐन कानुन निर्माण भएको लामो समय भएपछि समीक्षा गरी कानुन परिमार्जन गर्नु आवश्यक रहेको बताएका छन् ।



जनकपुरधाममा मंगलबार भएको मधेश प्रदेशसभालाई तथ्य प्रमाणमा आधारित कानुन निर्माणका लागि परमार्श सेवा तथा सहयोग कार्यक्रम अन्तर्गत दलित सशक्तीकरण ऐन २०७६ को उत्तर विधायिकी परिक्षण कार्यक्रममा प्रमुख सचेतक यादवले मधेशमा दलित विकास समिति रहे पनि ऐन कानुनमा रहेको केही त्रुटिका कारण पनि उक्त समितिलाई काम गर्न असहज भएको हुनसक्ने भएकाले तत्काल कानुन परिमार्जन गर्नुपर्ने स्पष्ट पारे । उनले दलित विकास समितिले आफ्नो हकहित र अधिकारकालगायतका मुद्दामा अघि बढ्न नसक्नु र सरकार तथा प्रदेशसभामा समेत आफ्नो मुद्दालाई लिएर सरकारमाथिसमेत दबाब सृजना गर्न नसक्नु कमजोरी रहेको बताए। उनले मधेश प्रदेश परामर्श तथा कानुन कार्यान्वयन अनुगमन समिती बनाउनुपर्नेमा जोड दिए।

त्यस्तै नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त भाले कुमरकान्त भा मधेशी दलितको लागि छुट्टै आरक्षण जरुरी रहेको बताए । उनले हरेक पार्टीमा र हरेक पार्टीले दलित नेतालाई ठाउँ दिएको हुनाले उनीहरुले आफ्नो समुदायका लागि काम गर्नुभन्दा पनि आफ्नो स्वार्थ पूरा गर्न तर्फ अग्रसर रहेकाले दलित समुदायको हक, अधिकार र मुद्दा सधैँ ओझेलमा पर्ने गरेको बताए ।

उनले भने, 'दलितको प्रतिनिधित्व हरेक पार्टीमा छ, हरेक पार्टीको तर्फबाट दलित नेता सांसद पनि छन् , तर उनीहरु किन काम गरिहेको छैन आफ्नो समुदायका लागि ?'

त्यस्तै शारदा थापाले अहिले विभिन्न नाममा रहेका प्रदेश सरकारको जनाता आवासलगायतका आयोजनाहरु समेत प्रभावित भए पनि दलित आफैले पनि यसमा हुने गरेका कमी कमजोरीबारे नबोल्नु दुःखद भएको बताइन् । उनले दलित समुदायकै उत्थानका लागि जनता आवास कार्यक्रम, निधि आवास र विपन्नसंग मदन भण्डारी आवास आयोजनामार्फत दलितको घर बनाउने र हस्तान्तरण गर्ने योजना रहे पनि अहिलेसम्म पनि अधिकांश भवनहरु अधुरै रहेको र निर्माण भए पनि निकै कमसल, गुणस्तरीयहीन भवन निर्माणले कतिपय दलित समुदाय घरबारविहीनसमेत बनेका छन्, यसतर्फ पनि सरोकारवालाले ध्यान दिनुपर्ने भनिन् ।

त्यस्तै अञ्जना पण्डितले दलित सशक्तीकरण ऐन कानुन रहे पनि फित्तलो रुपमा कार्यान्वयन भइरहेको अवस्थामा पनि मौनताले काम नचल्ने बताइन् । यसका लागि उक्त ऐन कानुनको अनुमगन जरुरी रहेको उनले बताइन् ।

मधेश प्रदेशसभा सचिवालय आयोजना तथा नेमाफको संयोजनमा महिला बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रुपाकुमारी यादवको अध्यक्षतामा भएको कार्यक्रममा रुकमिणी महर्जनले सहजीकरण गरेकी थिइन् भने संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय बिकास कार्यक्रमका प्रतिनिधि बिट्ठु श्रीवास्तवले दलित सशक्तीकरण ऐनमाथि प्रकाश पारेका थिए।

# 'भु-माफियालाई लाभ पुऱ्याउन भूमी विधेयक ल्याइयो'



**टुडे समाचारदाता**

राजविराज । जनता प्रगतिशिल पार्टी नेपालका अध्यक्ष हृदेयश त्रिपाठीले वर्तमान सरकारले ल्याउन लागेको भूमि विधेयकले समस्या समाधान नगर्ने बताएका छन् ।

राजविराजमा मंगलबार पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष त्रिपाठीले भूमि विधेयक पास भएमा तराई मधेश मरभूमिको हुने खतरा बढ्ने बताए ।

उनले भूमि विधेयक पास भए भूमाफियाहरुलाई नै फाइदा हुने दाबी गरे । विधेयक पास भएमा चुरे माथिको अतिक्रमण अझै बढ्ने र चुरे विनासले भूमिगत जलस्तरको पुर्नभरण प्रभावित हुदा मधेशका जिल्लाहरुमा जल संकट बढेर जाने उनले बताए ।

सरकारले दाबी गरे अनुसार विधेयकले भूमि सम्बन्धी सम्स्या समाधान नगर्ने दाबीका साथ उनले भूमि समस्या समाधानका नाममा हुने चलखेल आफूहरुलाई स्वीकार्य नरहेको स्पष्ट पारे ।

# 'अभिमन्यु : च्याप्टर १' यही भदौँ २७ गते प्रदर्शन हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । चलचित्र ' अभिमन्यु : च्याप्टर १' यही भदौँ २७ गते जनकपुरधामसहित विभिन्न ठाउँमा प्रदर्शन हुने भएको छ। सस्पेन्स, थ्रीलेरयुक्त रहेको उक्त चलचित्रमा मुख्य पाँच कलाकार प्रकाश दाहाल, लक्ष्मी बर्देवा, कामेश्वर चौरसिया, गौमाया गुरुङ, सरिता गिरी र किरण श्रेष्ठ रहेका छन् ।

जनकपुरधाममा मंगलबार पत्रकार सम्मेलनमा चलचित्र यही भदौँ २७ गते प्रदर्शन हुने आयोजकले जनाएको छ । चलचित्रले पैसाको प्रलोभनमा चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किन खोज्ने व्यक्तिको संघर्षको कथा बताउने छ । सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भएको चलचित्रमा मुकेश खनालको लेखन रहेको छ ।

सरिता गिरी, गौमाया गुरुङ, शिशिर बाङदेल, प्रकाश दाहाल र सुषमा निरौलालगायतको अभिनय रहेको चलचित्रका निर्माता विनोद पौडेल र गुञ्जन गिरी छन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सहनिर्माता रहेका चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइटेल र सन्देश श्रेष्ठ छन् ।

# अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममापहिलोपटकअन्तर ार्ष्ट्रिय औद्योगिक प्रदर्शनी आयोजन हुने भएको छ ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले घरेलु, साना तथा मझौला उद्योगहरू प्रति सर्वसधारणको आकर्षण बढाउने, स्थानीय स्तरमा उत्पादन वृद्धि गर्ने र रोजगारीका अवसरहरू सृजना गर्ने उदेश्यका साथ पहिलो पटक अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी २०२५ आयोजन गर्न लागेको छ ।




आगामी कार्तिक २७ देखि ३० गते सम्म जनकपुरधामको ऐतिहासिक तिरहुतिया गाछीमा आयोजना हुने प्रदर्शनीमा विभिन्न देशका दुई सय भन्दा बढी कम्पनी तथा संस्थाहरूको सहभागिता रहने उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री वसन्त कुशवाहाले जानकारी दिए ।


चार दिनसम्म चल्ने उक्त कार्यक्रममा घरेलु, साना तथा मझौला उद्योगहरूको स्थापनाका लागि चाहिने अत्याधुनिक उपकरण, मेसिनरी सामग्री लगायतका उत्पादनहरू प्रदशन गरिनेछ ।

यसका साथै उद्योग संचालन, व्यवस्थापन, वित्तीय जानकारी तथा बजार विस्तार सम्बन्धी विशेष प्रशिक्षण तथा परामर्श सत्रहरू समेत उपलब्ध गराईने प्रदेश सरकारको योजना छ ।

# एकै परिवारका दुईको मृत्यु, एक गम्भीर

**टुडे समाचारदाता**

लहान । सिरहाको लहानमा एकै परिवारका दुई जनाको मृत्यु भएको छ भने एक शिशुको अवस्था गम्भीर रहेको छ ।



सिरहाको लहान नगरपालिका-१ स्थित मटियर्वा टोलमा एकै परिवारका दुईको मृत्यु भएको छ भने एक जना गम्भीर रहेको प्रहरीले जनाएको छ । लहान नगरपालिका-१२ भोटिया टोल घर भइ हाल मटियर्वामा डेरा लिई बस्दै आएकी २३ वर्षीया रंजिता चौधरी आफ्नै कोठामा झुण्डिएको अवस्थामा फेला परेकी छन् ।

उनको जेठो छोरा करिब ५ वर्षीय एरोन चौधरी मृत अवस्थामा खाटमा फेला परेका छन् । त्यस्तै ९ महिनाको कान्छो छोरालाई भने गम्भीर अवस्थामा उद्धार गरी उपचारका लागि अस्पताल पुऱ्याइएको छ। प्रारम्भिक अनुसन्धान अनुसार, दुई बालबालिकालाई विषादी सेवन गराइएको आशंका गरिएको छ ।

रञ्जिता चौधरीले कोठाको ढोका भित्रबाट थुनेर सिलिङ फ्यानमा सलको पासो लगाइ झुण्डिएको अवस्थामा फेला परेकी छन् । उनको ५ वर्षीय छोरा मृत अवस्थामा खाटमा भेटिएको थियो भने ९ महिनाको शिशुलाई तुरुन्त उद्धार गरी प्रादेशिक अस्पताल लहान लगिएकोमा त्यहाँका चिकित्सकले विष सेवनको आशंका गर्दै थप उपचारका लागि सप्तऋषि अस्पताल लहान पठाएका छन् । हाल शिशुको अवस्था गम्भीर रहेको बताइएको छ ।

स्थानीयहरुका अनुसार चौधरी परिवार केही महिनाअघि मात्र अनदेश्वर चौधरीको घरमा डेरा गरी बस्न थालेको थियो। घटनाको समयमा श्रीमान प्रवीण चौधरी भने घरमा थिएनन् ।

यस घटनाका सम्बन्धमा प्रहरी अनुसन्धान भइरहेको जनाएको छ। घटनाको कारण हालसम्म खुल्न सकेको छैन। आत्महत्या वा जबरजस्ती विष सेवन गराइएको भन्ने विषयमा यथार्थ बुझ्न पोस्टमार्टम रिपोर्ट र अन्य अनुसन्धानको पर्खाइ गरिएको छ ।

घटनास्थलमा सिरहा प्रहरीले प्रमाण संकलन गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइ अनुसन्धान गरिरहेको जनाएको छ ।

# कुकुर आतंकबाट ७२६ जना घाइते

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा पछिल्लो समय कुकुर आतंकबाट सयौँजना घाइते भएका छन् ।

जिल्लाको चन्द्रपुर, वृन्दावन, गुजरा र फतुवा विजयपुर नगर क्षेत्रमा कुकुरको टोकाइबाट घाइते हुनेको संख्यामा वृद्धि हुँदै गएको छ ।



चन्द्रनिगाहपुरस्थित सरकारी अस्पतालका तथ्यांकमा देखिए अनुसार गत वैशाखयता मात्रै ७२६ जना कुकुरको टोकाइबाट घाइते भएका छन्। अस्पताल प्रमुख डा. अभिनन्दन कुमार श्रीवास्तवका अनुसार वैशाखमा १४३, जेठमा १२२, असारमा १६६, साउनमा १६० र भदौको १५ गतेसम्म १३५ जना घाइते भएर अस्पताल आएका छन् । घाइते सबै उमेर समूहका छन्। उनीहरूलाई रेबिजविरुद्धको खोप लगाइएको उनले बताए ।

चन्द्रनिगाहपुर- ४ का रामबाबु महतोले मन्दिरतर्फ जाँदै गर्दा कुकुरले आक्रमण गरी दुई पटक टोकेको बताए । चन्द्रनिगाहपुर-५ की सीतादेवी दासले बच्चा लिएर बाहिर निस्कनै कठिन भएको बताउँदै तत्काल नियन्त्रणको माग गरिन्। स्थानीय समाजसेवी बसन्त आचार्यले पालिकाहरूले तत्काल टोली बनाएर नियन्त्रणका उपाय शुरु गर्नुपर्ने बताए ।

अहिले सहरदेखि गाउँसम्म छाडा कुकुरको संख्या ह्वात्तै बढेको छ । चन्द्रनिगाहपुरस्थित सरकारी अस्पतालका प्रमुख डा. श्रीवास्तवका अनुसार गर्मी मौसम, प्रजनन अवधि र मनसुन सक्रिय हुने बेला कुकुर बढी आक्रामक बन्ने भएकाले यस्तो अवस्था देखिएको छ ।

उनले गर्मीमा कुकुरहरू चिडचिडा हुने प्रवृत्ति देखिन्छ भने प्रजनन अवधिमा स्वभाविक रूपमा आक्रामक बन्ने सम्भावना बढी हुने गरेको बताए ।

उनले अनावश्यक रूपमा बाहिर नहिँड्न, अपरिचित कुकुरबाट टाढा रहन र विशेष सावधानी अपनाउन आग्रह समेत गरे ।

# लागूऔषध गाँजा सहित एकजना पक्राउ

**टुडे समाचारदाता**

सर्लाही । सर्लाही प्रहरीले विशेष सूचनाको आधारमा सञ्चालन गरेको अभियानमा ५५ किलोभन्दा बढी गाँजा सहित एकजना युवक पक्राउ परेका छन् ।

ईश्वरपुर नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गको दोस्रो लच्का नजिकै प्रतिबन्धित लागूऔषध ओसारपसार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी टोली खटिएको थियो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका इन्स्पेक्टर रविन्द्र कार्की र इलाका प्रहरी कार्यालय केशरगञ्जका इन्स्पेक्टर उमाकान्त जोशीको कमाण्डमा गएको संयुक्त टोलीले सडक किनारामा शंकास्पद अवस्थामा बसेका एक व्यक्तिलाई चेकजाँच गर्दा गाँजा फेला परेको छ ।

पक्राउ पर्नेमा ईश्वरपुर नगरपालिका-१२, घारीबथानका ३२ वर्षीय संजिव भुजेल रहेका छन्। प्रहरीले उनको साथबाट सेतो रंगका तीन वटा प्लास्टिकका बोरामा



परालले छोपेर लुकाइ राखिएको अवस्थामा ५५ किलो २२० ग्राम गाँजा बरामद गरेको जनाएको छ ।

सर्लाही प्रहरीका सह-प्रवक्ता इन्स्पेक्टर बलिस्टर सिंहका अनुसार बरामद गाँजा सहित संजिव भुजेललाई नियन्त्रणमा लिइ इलाका प्रहरी कार्यालय केशरगञ्जमा राखिएको छ । मंगलवार जिल्ला अदालत सर्लाहीबाट सात दिन म्याद थप गरी अनुसन्धान अघि बढाइएको सर्लाही प्रहरीले जनाएको छ ।

बरामद स्थल इलाका प्रहरी कार्यालय केशरगञ्जबाट करिब १० किलोमिटर पूर्व-उत्तर तर्फ पर्छ । यस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८